# वर्गदृष्टि

Bargadristi Weekly

साप्ताहिक



## अग्रगामी दिशाको पक्षमा उभिन जेन–जीलाई क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको सल्लाह

संसारका मजदुरहरु एक हौं !

मार्क्सवाद-लेनिनवाद-माओवाद जिन्दावाद !

नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)

Communist Party of Nepal (Revolutionary Maoist)

केन्द्रीय समिति

Central Committee

काठमाडौं । अग्रगामी दिशाको पक्षमा उभिन जने-जीलाई क्रान्तिकारी कम्युनिस्ट पाटॄ नेपालले सल्लाह दिएको छ । एक प्रेस वक्तव्य मार्फत् क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले आफ्नो पार्टीको धारणा सार्वजनिक गर्दै यस्तो सल्लाह दिएको हो । पार्टीका कार्यवाहक महासचिव गौरवले आज पार्टीको धारणा सार्वजनिक गर्दै यस्तो सल्लाह दिनुभएको हो ।

वक्तव्यमा भनिएको बाँकी ७ पेजमा



वर्ष १० अङ्क ११ पूर्णाङ्क ४३७ | २०८२ भदौ ३० गते सोमबार | Monday 15 Sept;, 2025 | पृष्ठ ८ | मूल्य रू. १०|–


# रअ र सिआइएका एजेन्टहरूले हाइज्याक गरे जेन–जी आन्दोलन

❑ उज्वल

काठमाडौं । ३६ वर्षदेखि नेपालमा संसदीय व्यवस्था छ । यस बिचमा देशलाई भ्रष्टाचारको आहालमा डुबाउने र २८ खर्बको ऋणको चङ्गुलमा फसाउन संसदवादी पार्टीहरू नै मुख्य रूपले जिम्मेवार छन् । बहुदलपश्चात कृष्णप्रसाद भट्टराई (नेपाली काङ्ग्रेस) दुई पटक (सन् १९९०-१९९१, १९९९-१९९९) प्रधानमन्त्री भए । गिरिजाप्रसाद कोइराला (नेपाली काङ्ग्रेस) पाँच पटक (१९९१-१९९४, १९९७-१९९८, १९९८-१९९९, १९९९-२००१, २००६-२००८), मनमोहन अधिकारी (एमाले) एक पटक (पहिलो कम्युनिस्ट प्रधानमन्त्री, १९९४-१९९५), शेरबहादुर देउवा (नेका) पाँच पटक (१९९५-१९९६, २००१-२००२, २००४-२००५, २०१७-२०१८, २०२१-२०२२), लोकेन्द्रबहादुर चन्द (राप्रपा) दुई पटक (१९९६-१९९७, राजाको नियुक्ति), सूर्यबहादुर थापा (राप्रपा) दुई पटक (१९९७-१९८३, २००३-२००४), माधवकुमार नेपाल (एमाले) एक पटक (२००९-२०११), झलनाथ खनाल (२०११-०२-०६ देखि २०११-०८-२८), बाबुराम भट्टराई (माओवादी) एक पटक (२०११-२०१३), खड्गप्रसाद शर्मा ओली (एमाले) तीन पटक (२०१५- २०१६, २०१८-२०२१, २०२४-२०२५), पुष्पकमल दाहाल 'प्रचण्ड' (माओवादी) तीनपटक (२००८-२००९, २०१६-२०१७, २०२२-२०२४), सुशिल कोइराला (काग्रेस) एक पटक (२०१४-२०१५), खिलराज रेग्मी (निर्दलदीय) एक पटक (२०१३-२०१४) प्रधानमन्त्री भए । बहुदलयता बनेका २८ वटा सरकारमध्ये कांग्रेसका १४, एमालेका ५, माओवादीका ४ र राप्रपाका ४ र गैरदलीय १ गरी २८ वटा सरकार बनिसकेका छन् । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि कांग्रेसका ४ वटा, एमालेका ५, माओवादीका ४ र एक गैरदलीय गरी १४ वटा सरकार बने । यी १४ वटा सरकारको नेतृत्वमा एमालेका तीन जना नेताहरू केपी ओली ३ पटक, माधव नेपाल एक पटक र झलनाथ खनाल एक पट गरी ५ पटक, माओवादीका दुई नता नेताहरू प्रचण्ड ३ पटक र बाबुराम भट्टराई एक पटक, र कांग्रेसका गिरिजाप्रसाद कोइराला एकपटक, सुशिल कोइराला एकपटक र शेरबहादुर देउवा दुईपटक गरी तीन पटक प्रधानमन्त्री बनेका छन् । १३ वटा दलीय सरकारमध्ये ९ वटा सरकार त कम्युनिस्ट पार्टीका नेताहरूले नेतृत्व गरेका थिए । कांग्रेस र राप्रपाको त कुरा छाडौं, लोकतान्त्रिक गणतन्त्रयताका ९ वटा सरकारले किन यो देशको आर्थिक सामाजिक रूपान्तरणका लागि ठोस कार्ययोजना ल्याएर समाजका तल्लो वर्गका लागि काम गर्न सकेनन् ? किन उनीहरूले भ्रष्ट शासन प्रणालीलाई अझ बलियो बनाउन खोजे ? किन भ्रष्टाचार र अनियमितताको दलदलमा फसे ? परिणामतः जेन जी विद्रोहले कांग्रेस, संशोधनवादी तथा अवसरवादी (संसदवादी) कम्युनिस्ट, रास्वपा र राप्रपालगायतका पार्टीहरूप्रति गम्भीर सवाल खडा गर्दै उनीहरूको औचित्य समाप्त भएको पुष्टि गरिदिएको छ । चरम राष्ट्रघात र जनघातप्रतिको चरम असन्तुष्टी एकमुष्ट रूपमा जेन-जी विद्रोहमा विष्फोट भयो । तर विडम्बना, सच्चा देशभक्त र क्रान्तिकारी शक्तिको बलियो उपस्थितिको अभावमा यो विद्रोहलाई वैदेशिक प्रतिक्रियावाद (साम्राज्यवाद र विस्तारवाद)ले हाइज्याक गर्न पुगेको छ । र, विद्रोहले विगतको भन्दा अझ बढी विदेशी दलालहरूलाई सत्तामा पुऱ्याउने ग्राउण्ड तयार गरिदिएको छ । र, घुमिफिरि सत्ता, व्यवस्था र संविधानले यथास्थितिमै गोलचक्कर मार्न पुगेको छ । जेन-जी विद्रोहको स्पिरिट वर्तमान भ्रष्ट दलाल संसदीय सत्ता र व्यवस्थाको समूह अन्त्य गरी भ्रष्टाचार र कुशासनलाई पूर्णरूपमा नियन्त्रण गर्ने खालको नयाँ जनवादी राज्यव्यवस्था अर्थात् संघीय जनगणतन्त्र स्थापना गर्न चाहेका थिए तर देशी विदेशी प्रतिक्रियावादीहरूले आन्दोलनका उपलब्धिलाई 'माछो माछो भ्यागुतो'को स्थितिमा पुऱ्याइदिए, जुन युवाहरूको बलिदानमाथिको घोर अपमान हो । जेन-जी पुस्ताले यसलाई भूराजनीतिक दाउपेचपूर्ण खेलको अन्तर्यमा गएर गहिरोगरी बुझ्न र विश्लेषण गर्न जरुरी छ ।

धोका र गद्दारीपूर्ण सम्झौतामा टुंगिएका विगतका आन्दोलन

००७ सालमा राणाका विरुद्ध क्रान्ति भयो । धोका र सम्झौतामा थियो । यसको पर्दा पछाडिको मुख्य खेलाडी थियो- भारत । बाँकी ७ पेजमा

## निशानामा प्रमुख संसदवादी दलका कार्यालय र नेताहरुको निवास

काठमाडौं । दोस्रो दिनको प्रदर्शनमा उत्रिएका युवाहरूले प्रमुख दलका प्रमुख नेतृत्व निवास लक्षित प्रदर्शन थालेका छन् । काठमाडौं उपत्यकाका तीनवटै जिल्ला प्रशासनले बिहानैदेखि कर्फ्यु आदेश जारी गरे पनि युवाहरूले कर्फ्युको अवज्ञा गर्दै ठाउँठाउँमा प्रदर्शन जारी राखेका छन् ।

प्रदर्शनकारीले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' निवास घेराउ तोडफोड र आगजनी प्रयास गरेका छन् भने सूचना तथा संचारमन्त्री पृथ्वी सुब्बा गुरुङको निजी निवास आगजनी र तोडफोड गरेका छन् ।

यस्तै एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीको निवास नजिकै बालकोट चोकमा पनि प्रदर्शन भइरहेको छ । उता कांग्रेस सभापति शेरबहादुर देउवा निवास बुढानीलकण्ठ आसपासमा पनि प्रदर्शन भइरहेका छन् ।

हिजोमात्र गृहमन्त्री पदबाट राजीनामा दिएका रमेश लेखकको घरमा प्रदर्शनकारी पुगिसकेका छन् । नयाँ बानेश्वर, कलंकी, कोटेश्वर, नैकाप लगयतका स्थानमा पनि प्रदर्शन भइरहेका छन् । जेनजीहरूले बाँकी ७ पेजमा

# विदेशीको डिजाइनमा जेन–जी आन्दोलनलाई ध्वस्त पार्न खोजिएको भन्दै सडकमा निस्किए क्रान्तिकारी कम्युनिस्ट पार्टीका नेता कार्यकर्ताहरू




काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको ९ नं. ब्यूरोका इन्चार्ज सेक्रेटरीसहित नेता कार्यकर्ताहरू वैदेशिक हस्तक्षेप, प्रतिगामी र यथास्थितिवादी षड्यन्त्रका कारण जेन-जी आन्दोलनलाई ध्वस्त पार्न खोजिएको भन्दै सडकमा निस्किएका छन् । 'राष्ट्रिय स्वाधीनताको बाँकी ७ पेजमा

## नेपालको हालैका घटनाक्रमबारे भाकपा (मार्क्सवादी लेनिनवादी) मास लाइन को वक्तव्य

काठमाडौं । सीपीआई (एमएल) मास लाइनका महासचिव प्रदीप सिंह ठाकुरले १२-०९-२०२५ मा एक वक्तव्य जारी गरी नेपालको हालैका घटनाक्रमबारे भाकपा (मास लाइन) को दृष्टिकोया स्पष्ट गरेका छन् । वक्तव्यमा भनिएको छ -

भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) मास लाइनको पोलिट ब्यूरोले भ्रष्टाचार र कुशासनको अन्त्यको माग गर्दै नेपालमा जेनेरेसन जेड द्वारा सुरु गरिएको आन्दोलनसँग आफ्नो ऐक्यबद्धता व्यक्त गर्दछ। हामी नेपाल सरकारले आन्दोलनमाथि गरेको निर्दयी दमनको निन्दा गर्छौं। यो आन्दोलन देशमा व्याप्त गम्भीर आर्थिक संकटको परिणाम हो,जुन साम्राज्यवादी भूमण्डलीकरणको

CPI(ML) Mass Line

प्रत्यक्ष परिणाम हो। यसले बेरोजगारीलाई चरम सीमामा पुऱ्याएको छ, भ्रष्टाचारलाई आकाशसम्म पुऱ्याएको छ र चरम गरिबी सिर्जना गरेको छ।

युवाहरूको क्रोधको पछाडि यी नै अन्तर्निहित कारणहरू अन्तर्निहित छन्। श्रीलंका र बंगलादेशमा हालैका घटनाहरूले पनि यसमा भूमिका खेलेको छ।

मास लाइनको पोलिट ब्यूरोले जेन जेड आन्दोलनको विकासमा गहिरो चिन्ता व्यक्त गर्दछ। जेन जेडलाई आन्दोलनबाट टाढा रहन बाध्य पारिएको छ किनभने, तिनीहरूको बाँकी ७ पेजमा

## कास्कीमा क्रियाशील राजनैतिक पार्टीका प्रतिनिधिहरूले जेनजी आन्दोलनका घाइतेहरूलाई भेट

❑ विक्रम थापा

पोखरा । कास्कीमा कृयाशील राजनैतिक पार्टीका प्रतिनिधिहरूले जेनजी आन्दोलनका घाइतेहरू र तिनका आफन्तहरूलाई पोखरा स्थित गण्डकी अस्पतालमा गएर स्वास्थ्य अबस्था बारे जानकारी लिएका छन् । जसमा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सदस्य तथा कास्की जिल्ला सेक्रेटरी बिक्रम थापा, नेकपाका केस तथा जिल्ला सेक्रेटरी उमेस सि, नेसपा नयाँ शक्तिका केन्द्रिय सदस्य टिकाराम बाँकी ७ पेजमा



## अबको लडाइँ : पश्चगमन कि अग्रगमन ?



● सन्तबहादुर नेपाली ●

सरकारले समाजिक सञ्जालमाथि लगाएको प्रतिबन्धलाई खोल्ने र भ्रष्टाचारको अन्त गर्ने माग राखेर जेन जी पुस्ताले यही २३ गते राखेको संघर्षको कार्यक्रम शान्तिपूर्ण हुने भनिए पनि अन्ततः उग्र विनास तर्फ अगाडि बढिरहेको छ । यो विनासको क्रम कहाँ पुगेर विश्राम लिने हो ? त्यो अनिश्चित छ । किनकि प्रधानमन्त्री तथा मन्त्रीहरूले राजीनामा दिएपछि सरकार विघटन भएको छ र नयाँ सरकार बनेको छैन । यो शुन्य समयमा सेनाले सुरक्षा दिने भनेर भनिए तापनि सेनाको पकड सबैतिर छैन । स्वयं जेन जीको बीचमा अराजक तत्वहरू प्रवेश गरिसकेका छन् । यतिबेला सार्वजनिक तथा निजी सम्पत्तिको भरपर्दो सुरक्षा गर्ने निकाय नभएको हुँदा नागरिकहरू भय, त्रास र संशयको घेराभित्र कष्टकर जीवन बिताइरहेका छन् ।

जेन-जी प्स्ताले दुईवटा मागहरू भ्रष्टाचारको अन्त र सामाजिक सञ्जाल पुनसंचालन राखेर विरोध कार्यक्रम गरेका थिए । पहिलो दिनको कार्यक्रमको लगाम जेनजीको हातबाट फुत्कियो । माइतीघर भन्दा बाहिरबाट आएका ठूलाठूला जुलुशहरू नयाँ वानेश्वरतिर सोझियो र संसदभवन भित्र प्रवेश गऱ्यो । प्रहरीले सामान्यतः रोक्न खोजे पनि त्यसलाई रोक्न सकेन । आन्दोलनकारीको भीड भित्र पसेर उत्साहित भएको, नारा लगाएको सामाजिक संजालमा राम्रै गरी देख्न सकिन्थ्यो । अर्कोतिर प्रहरी निशस्त्र आन्दोलनकारी माथि गोली चलाइरहेको थियो । दुई जना युवाहरूको तत्काल गोली लागेर मृत्यु भयो । दर्जनौं घाइते भए । साँझसम्म काठमाडौं र धरानमा २० ज नाको मृत्यु र ४०० जना भन्दा बढी घाइते भए । यसप्रकारको हत्याका लागि ओली सरकार जिम्मेवार देखियो । बाँकी ८ पेजमा

## सम्पादकीय

### भारतसँग गरिएका सम्पूर्ण असमान सन्धि सम्झौताहरु खारेज गर !

राणा, राजा र संसदवादी दलहरूले विभिन्न कालखण्डमा भारतसँग गरेका असमान सन्धि सम्झौता, गोप्य पत्राचार र सुरक्षा सम्झौताले गर्दा नेपालको स्वाधीनता, स्वतन्त्रता, सार्वभौमिकता र क्षेत्रीय अखण्डता खुम्चिन पुगेको छ। नेपालको प्राकृतिक स्रोतसाधन विशेषगरी जलसम्पदामाथि भारतीय एकाधिकार कायम गरिएको छ। भारतसँगको व्यापार तथा पारवहन निर्भरताका कारण व्यापारघाटा चुलिएको छ। नेपाल केवल भारतको सुक्षित बजारमा परिणत भएको छ।

अंग्रेज साम्राज्यवादबाट मुक्त भएपनि अंग्रेजहरूको साम्राज्यवादी-विस्तारवादी नीतिलाई भारतले निरन्तरता दिँदै आयो। उसले सन् पचासको सन्धिदेखि नै नेपालको स्वतन्त्रता, स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डतालाई सम्मान गरेको छैन, स्वीकारेको छैन। नेपाललाई उसले आफ्नै एक प्रान्तको हैसियतको व्यवहार अहिलेसम्म पनि गरिरहेको छ र नेपालको हरेक क्षेत्रमा आफ्नो प्रभुत्व लाद्ने काम गरिरहेको छ। विभिन्न कालखण्डतमा विगत र वर्तमान शासकहरूले गरेको राष्ट्रघाती सन्धि सम्झौताको मूल्य नेपाली जनताले चुकाउनु परिरहेको छ र तिनै सन्धि सम्झौताका कारण विश्वमानचित्रबाट नेपालकै अस्तित्व मेटिने हो कि भन्ने स्थिति पैदा हुन थालेको छ। विशेषगरी यही भदौ ३ मा भारत र चीनले नेपाली भूमि लिपुलेकमा नेपाललाई थाहै नदिई व्यापारिक मार्ग र हब बनाउने सहमति भएपछि त्यसमा पनि १९५४ देखि हालसम्म ९ वटा यस्ता सहमति भएका तथ्यहरू सार्वजनिक हुनुले बदलिदो विश्वव्यवस्था, शक्तिराष्ट्रबिचको अन्तरविरोधका कारण नेपालजस्तो देशलाई अस्तित्व जोगाउन नै निकै सकस पर्ने खालका भूराजनीतिक गतिविधिहरू तीव्र बनेर गएका छन्। अमेरिकाको इन्डो प्यासिफिक रणनीतिको साझेदार राष्ट्र (अमेरिकी दाबी) बनेपछि रुस युक्रेन र इजरायल प्यालेस्टाइन युद्धमा नेपालले अमेरिकी नीतिको समर्थन गर्नु (पक्षधरता लिनु), नेपालमा निरन्तर अमेरिकी सेनासँग नेपाली सेनाले संयुक्त रूपमा सैन्य तालिमहरू गर्नु, साझेदार राष्ट्रहरूजस्ता देशलाई दिनेखालका सैन्य उपकरणहरू नेपाली सेनालाई दिनु, अनि सिंगो देश विरोध

परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्नें र पढ्ने गरौँ।
www.moolbato.com

# नेपालका पछिल्ला घटनाक्रम र निरंकुशताको बाटो



● डा. केशव देवकोटा ●

पछिल्ला राजनीतिक घटनाक्रमहरूलाई लिएर नेपालकासाथै नेपालप्रति चासो राख्ने विश्व समूदायकैबीचमा बिभिन्न कोणबाट ब्याख्या र बिश्लेषण भैरहेको देखिएको छ। गत २३ र २४ गते भएको आन्दोलनको मुख्य माग भनेको सामाजिक सञ्जाल सुचारु गरिनुपर्छ र भ्रष्टाचारको छानविन गरिनुपर्छ भन्ने रहेको थियो। जसमा सबैभन्दा पेचिलो माग सामाजिक सञ्जालकै थियो। आन्दोलन चर्किपछि तत्कालीन सरकारले केही सामाजिक सञ्जालमाथि लगाएको रोक खारेज गरेको थियो। त्यसपछि भ्रष्टाचारको छानविन गर्ने/गराउने कुरा आन्दोलनकारीले नै उठाएको देखिएन। बरु भ्रष्टाचारीलाई जोगाउनेगरी सिंहदरबार लगायतका बिभिन्न सरकारी कार्यालयका फाइलहरू जलाउने काम भयो। बिभिन्न कार्यालय बाहिर रहेका पुराना सवारी साधनसँग आन्दोलनको कुनै टाडाको पनि साइनो थिएन। तर सबैमा आगो लगाएर आतंक सिर्जनागर्ने कामहरू भए। दुई दिनको आन्दोलन सकिँदा नकिँदै आन्दोलनकारीका पक्षबाट सिधै सेनासँग बाहेक अरुसँग कुरा नगर्नेभन्ने कुरा आयोभने सुशिला काकीनै प्रधानमन्त्रि हुनुपर्ने माग पनि भयो। जबकी उक्त आन्दोलन युवाहरूले गरेको भनिएको थियो। उनीहरूले फेरी पनि बृद्धलाई प्रधानमन्त्रि बनाउने काम गरे। प्रधानमन्त्रि हुनेको माग पनि पहिले संसद बिघटन हुनुपर्ने भन्ने रह्यो। जुन मागलेगर्दा झण्डै १२ घण्टा अन्योल रहेको थियो। जसलाई राष्ट्रपतिले स्वीकार गरेपछि बिभिन्न ब्यक्ति र ब्यक्तित्वको बिकल्पकाबारेमा छलफल नगरी २७ गते राति सिधै सुशिला कार्कीलाई प्रधानमन्त्रि पदमा नियुक्त गरियो। जतिबेला संसद बिघटन भैसकेको थिएन। संसद कायमै रहेको बेला संसद बाहिरबाट जबरजस्त प्रधानमन्त्रि नियुक्तगर्ने काम त्रुटीपूर्ण भएको छ। कुनैपनि ब्यक्ति प्रधानमन्त्रिमा नियुक्त भएपछि सबैभन्दा पहिले उसले पद बहालीगर्ने र सानो भएपनि मन्त्रिपरिषद गठन गरेर बैठकगर्ने चलन हुन्छ। तर यसपटक राष्ट्रपति रामचन्द्र पौडेलले सिधै सुशिला कार्कीलाई प्रधानमन्त्रिमा नियुक्त गर्नुभयोभने नयाँ प्रधानमन्त्रिले पनि मन्त्रिपरिषदको बैठकबाट निर्णय गरेर राष्ट्रपति समक्ष संसद बिघटनको सिफारिस गर्नुपर्नेमा तत्कालै आफूमा बिशेष अधिकार भएजस्तो गरी सिफारिस गरेपछि राष्ट्रपतिबाट मिनेटभरमा लालमोहर लगाउने काम भयो। जबकी यस्तो अवस्थामा संसदमा रहेका प्रमुख दल र संसद बाहिर रहेका अन्य पक्षहरूसँग पनि छलफलगर्ने प्रचलन रहेको हुन्छ। राष्ट्रपतिले गरेको संसद बिघटनको निर्णय ०७८ असारमा भएको सर्बोच्च अदालतको संसद पुनर्स्थापनागर्ने निर्णयको प्रतिकूल रहेको छ।

बिघटित संसदमा रहेका प्रमुख दलहरूले संसदको विघटनलाई अमान्य घोषणा गरिसकेका छन्भने कानून ब्यवसायीहरू संसद पुनर्स्थापनाको कानूनी उपचारमा जुटेका छन्। जसका कारण अबको केही महिना देशमा राजनीतिक अन्योल कायमै रहने देखिएको छ। ०७८ मा सर्वोच्च अदालतले तत्कालीन प्रधानमन्त्री केपी ओलीको सिफारिसमा राष्ट्रपति बिद्यादेवी भण्डारीले गरेको प्रतिनिधिसभा विघटनलाई असंवैधानिक ठहरगर्दै बदर गरेको थियो। तत्कालीन राष्ट्रपति भण्डारीले दोश्रोपटक ०७८ जेठ सातगते मध्यरातमा प्रतिनिधिसभा विघटन गर्नुभएको थियो। त्यसअघि सोही दिन ओलीले मध्यरातमा मन्त्रिपरिषदको बैठक राखेर प्रतिनिधिसभा विघटनगर्ने सिफारिस गर्नुभएको थियो। ०७८ बैशाख ३० मा संविधानको धारा ७६(३) अनुसार प्रतिनिधिसभाको ठूलो दलको नेताको हैसियतमा प्रधानमन्त्री नियुक्त हुनुभएका एमाले संसदीय दलका नेता ओलीले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था थियो। तर उहाँले ७६(२) को प्रधानमन्त्री रहिरहन विश्वासको मत लिँदाको परिस्थितिमा भिन्नता नआएकोभन्दै फेरि विश्वासको मत लिन संसदमा नजाने भनेर जेठ छगते संविधानको धारा ७६(५)अनुसार सरकार गठन प्रक्रिया अघिबढाउन राष्ट्रपति समक्ष सिफारिस गर्नुभएको थियो। प्रधानमन्त्रीले मार्गप्रशस्त गरेकोभन्दै राष्ट्रपति भण्डारीले ७६(५) अनुसार प्रधानमन्त्री नियुक्तिका लागि विश्वासको मत प्राप्तगर्ने आधार प्रस्तुत गर्न आह्वान गर्नुभएको थियो। राष्ट्रपतिले तोकेको समयभित्र नेपाली कांग्रेस संसदीय दलका नेता शेरबहादुर देउवा र एमाले संसदीय दलका नेता ओलीको दाबी परेको थियो। देउवाले कांग्रेसका ६१, माओवादी केन्द्रका ४९, एमालेको माधवकुमार नेपाल समूहका २६, जनता समाजवादी पार्टीको उपेन्द्र यादव पक्षका १२ र राष्ट्रिय जनमोर्चाका एकगरी १४९ सांसदको हस्ताक्षर बुझाउनु भएको थियो। ओलीले आफूलाई एमाले र जसपाको समर्थन रहेको दाबी गर्नुभएको थियो। उहाँले आफूसँगै तत्कालीन जसपाका अध्यक्ष महन्थ ठाकुर र नेता राजेन्द्र महतोको हस्ताक्षर बुझाउनुभएको थियो। राष्ट्रपति भण्डारीले दुबैको दाबी नपुग्ने निर्णयगर्दै मध्यरातमा मन्त्रिपरिषदको सिफारिसमा प्रतिनिधिसभा विघटन गर्नुभएको थियो। त्यतिबेला प्रतिनिधिसभा विघटनसँग सम्बन्धित ३० वटा निवेदन सर्वोच्च अदालतमा परेका थिए। त्यसमध्ये २६ वटा विघटन विरुद्धका थिए। २६ वटामध्ये एउटा रिट देउवासहित १४६ जना सांसदको थियो। विघटनसँग सम्बन्धित रिटहरूमाथि ०७८ जेठ नौगतेबाट सर्वोच्च अदालतको संवैधानिक इजालसमा निरन्तर सुनुवाई भएर असार २१ गते सकिएको थियो। ३० वटामध्ये देउवाको रिटलाई प्राथमिकतामा राखेर सर्वोच्चले मुद्धा फैसला गरेको थियो। त्यतिबेला संसद बिघटनगर्ने उक्त कदम असंवैधानिकभन्दै सर्वोच्च अदालतले प्रतिनिधिसभा ब्युँताइदिएको थियो।

यस पटक पनि घटनाक्रम त्यस्तै भएको छ। संसदको अधिवेशन चालु रहेको र संसदबाट बिकल्प दिन सकिने अवस्था रहँदारहँदै राष्ट्रपतिबाट संसद बिघटनको काम भएको छ। संसदको बैठकबाट सबैभन्दा ठूलो दल नेपाली कांग्रेसका नेताको नेतृत्वमा सर्बदलीय सरकार वा नेकांको अल्पमतको एकल सरकार गठनगर्न सकिने अवस्था थियो। देशमा दुई दिनकै आन्दोलनबाट राजनीतिक संकट बढेको ठहर गरिँदा पनि केही समय राष्ट्रपतीय शासन लगाएर र दलहरूकाबीचमा छलफल गरेर निकाश निकाल्न सकिने अवस्था थियो। हाल आएर संसदमा रहेका ठूला पार्टीकासाथै तत्कालीन संसद बाहिर रहेका क्रान्तिकारी तथा परिवर्तनकारी पार्टीहरू सडकमा र बिभिन्न बिवादित ब्यक्तिहरू सरकारमा रहने अवस्थाको सिर्जना गरिएको छ। जसलेगर्दा देशमा फेरी पनि गत २३ र २४ गतेकोजस्तो घटना दोहरिनसक्ने संभावनाहरू कायमै रहेका छन्। नेपालमा खासगरी छिमेकी चीन र भारतकासाथै अमेरिकाको चासो देखिएको अवस्थामा बर्तमान सरकार र आन्दोलनकारीहरूलाई भारतले बढी समर्थन गरेको देखिएको छ। सहयोग के कति भएको थियोकि थिएनभन्ने कुरा खुल्न बाँकी छ। भारतका प्रधानमन्त्रि नरेन्द्र मोदीले गत २७ गते रातीनै आफ्नो प्रतिक्रिया सार्वजनिक गरेर संसद बिघटन र सुशिला कार्की प्रधानमन्त्रि बन्नुभएको कुराको खुलेर समर्थन गर्नुभएको थियो। त्यसपछि उहाँले मणिपुरलगायतका स्थानमा भएका सार्बजनिक कार्यक्रमहरूमा नेपालको पछिल्लो परिवर्तनको समर्थनलाई आफ्नो भाषणको प्रमुख बिषय बनाउँदै आउनु भएको छ। जबकी अर्को छिमेकी चीन र नेपालमा चासो राख्दैआएको अमेरिकाले कुनै आधिकारिक धारणा सार्बजनिक गरेका छैनन्। केवल काठमाडौंस्थित अआफ्ना दूतावासमार्फत सामान्य प्रतिक्रियामात्र दिएका छन्। नेपालसँग कुटनीतिक सम्बन्ध रहेका अन्य मुलुकहरू बेखबर देखिएका छन्। गत २३ र २४ गतेका घटनापछि दलहरूमा तोडफोडको अवस्था सिर्जना भएको छ। हिजो आइतबारमात्र नागरिक उन्मुक्ति पार्टी बिभाजन भएको छ। जसमा सो पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठले संसद बिघटनको बिपक्षमा आफ्नो मत ब्यक्त गर्नासाथ उहाँकै पति रहनु भएका रेशम चौधरीले पछिल्लो परिवर्तनलाई समर्थनगर्दै पार्टी बिभाजनको घोषणा गर्नुभएको छ। नेपाली कांग्रेसका महामन्त्रि गगन थापालगायतको भनाई पनि पार्टीलाई संकटमा बचाउनेभन्दा पनि नेतृत्व परिवर्तन र पार्टी पुनरगठनमा केन्द्रित रहन थालेको छ। एमालेका उपाध्यक्ष सुरेन्द्र पाण्डेले हिजै सामाजिक सञ्जाल फेसबुकमार्फत एक प्रतिक्रिया सार्बजनिक गरेर नेतृत्व र संगठनहरूमा व्यापक पुनर्गठनको खाँचो औँल्याउनु भएको पाइएको छ। माओवादी केन्द्रका नेताहरूकाबीचमा पनि स्पष्टरूपले दुईधार देखिएको छ।

रास्वपा र राप्रपालगायतका केही दक्षिणपन्थी पार्टीहरू खुलेरै पछिल्लो राजनीतिक परिवर्तनको पक्षमा देखिएका छन्। जसलेगर्दा पछिल्लो राजनीतिक परिवर्तन अग्रगामी र जनपक्षीय नभएर पश्चगामी रहेको र त्यसका पछाडि मुख्यरूपले भारतीय संस्थापन पक्ष खेलिरहेको स्पष्ट भएको छ। यदि कानून ब्यवसायीहरूले भनेअनुसार संसद पुनस्थापना भयोभने संसद बिघटनगर्ने राष्ट्रपति र बर्तमान प्रधानमन्त्रिले तत्काल पद त्याग गर्नुपर्ने अवस्था आउँछ। यदि संसद पुनर्स्थापना हुन सकेनभने ठूला दल सडकमा र साना दल तथा स्वतन्त्र ब्यक्ति ब्यक्तित्वहरू सरकारमा हुने भएका कारण मुलुकमा शान्ति सुव्यवस्था र जनपक्षीय काम हुने कुनै संभावना रहँदैन। यस्तो अवस्थामा बर्तमान सरकारका लागि आगामी फागुनमा संसदको निर्वाचन गराउनु फलामको च्युरा चपाए सरह हुने देखिएको छ। खासमा यसअघिदेखि नै नेपालमा साना दललाई सत्तामा र ठूला दललाई प्रतिपक्ष वा सहायक भूमिकामा राखेर राजनीतिक कलह बढाउने प्रयास भएको थियो। पछिल्ला सबै राजनीतिक घटनाक्रमहरू नेपालमा बढ्दो विदेशी हस्तक्षेप र विदेशीहरूका बीचमा पनि आपसमा भएको तानातानका कारण भएको स्पष्ट छ। यो सबैको एकमात्र समाधान देशमा जनसंविधान र जनगणतन्त्रको घोषणा गर्नु/गराउनु हुन्छ। तर परिस्थिति निकै जटिल रहेका कारण देश थप जटिल बन्दै निरंकुशतातर्फ जानसक्ने सकेतहरू पनि देखिएका छन्। संसदवादी र क्रान्तिकारी दुबै शक्तिले तत्कालै गोलमेच सम्मेलनका माध्यमबाट देशको भाग्य र भबिश्यकाबारेमा छलफलगरी निष्कर्ष निकाल्नु उपयुक्त हुने देखिएको छ। सधै बिचार नभएर बलको भरमा राजनीतिक परिवर्तन गर्ने/गराउने परिपाटीको विकास गराउने होभने यसले कदापि देश र जनताको भलो गर्दैन। सबैले बिचार गरौं।

# जापानमा प्रचलित शिन्तो दर्शन



● देवेन्द्र बस्याल ●

"देवता," "आत्मा," वा "पवित्र शक्ति" हो। यो एउटा व्यापक अवधारणा हो। (ताओ/मिचि)ः यसको अर्थ हो "मार्ग" वा "पथ"। त्यसैले, शिन्तोको शाब्दिक अर्थ "खामीको मार्ग" (The Way of the Kami) हो।

***खामी (Kami_ को अवधारणाः***

शिन्तो दर्शनको केन्द्रिय अवधारणा नै "खामी" हो। यसलाई सामान्यतः "देवता" वा भगवान भनिन्छ तर यो अवधारणा त्योभन्दा धेरै व्यापक र जटिल छ। खामी भनेकोः प्रकृतिक शक्तिहरूः पहाड, नदी, वृक्ष, जंगल, चट्टान, बादल, बाढी, बिजुली, आदिमा बस्ने पवित्र शक्ति वा आत्मा हो। पूर्वजहरूको आत्माः परिवार वा समुदायका पूर्वजहरू, विशेष गरी महत्वपूर्ण व्यक्तित्वहरू। महान व्यक्तित्वहरूः ऐतिहासिक रूपमा प्रभावशाली व्यक्तिहरू, जस्तै सम्राट, योद्धा, वैज्ञानिक, आदि। रचनाशील शक्तिहरूः सृष्टिको प्रक्रियासँग जोडिएका देवी-देवताहरू, जस्तै सूर्य देवी अमातेरासु (Amaterasu)। गुणहरू र अमूर्त विचारहरूः उदाहरणका लागि,।भचतषष्तिथ (उर्वरता), उद्योग, आदिको खामी/भगवान पनि हुनसक्छ। खामी हरेक ठाउँमा र हरेक वस्तुमा सर्ब व्यापक रहेको छ भन्ने मान्यता छ। यी शक्तिहरू मानिसहरूसँग सीधै सम्पर्क राख्छन् र तिनलाई प्रसन्न बनाउनु नै पूजाको उद्देश्य हो।

***मुख्य विशेषताहरू र सिद्धान्तहरू (Key Features and Principles):***

प्रकृतिमा आधारितः शिन्तो प्रकृतिको गहिरो सम्मानमा आधारित छ। सम्पूर्ण प्रकृति नै खामीले भरिएको छ भन्ने विश्वास गरिन्छ। शुद्धता (purity) मा जोडः शिन्तोमा किजोकु (Kegare) अर्थात् अशुद्धि वा प्रदूषणलाई धेरै महत्व दिइन्छ। मृत्यु, रोग, रक्त, आदिलाई अशुद्ध मानिन्छ। पूजा अर्चनाअघि हात, मुख धुने, विशेष अनुष्ठान गरेर आफूलाई शुद्ध गर्नुपर्छ। यो दर्शनको कुनै एक केन्द्रीय पवित्र ग्रन्थ छैनः इस्लाम (कुरान) वा ईसाई (बाइबल) जस्तो शिन्तोको एउटा मात्र केन्द्रीय धर्मग्रन्थ छैन। तर कोजिकी (Kojiki) र निहोन शोकी (Nihon Shoki) जस्ता ऐतिहासिक इतिहासग्रन्थहरूमा पौराणिक कथाहरू र देवताहरूको उत्पत्तिको वर्णन गरिएको छ। यसको कोही संस्थापक छैनः यो दर्शन जापानी जीवनशैली र संस्कृतिबाटै स्वतः विकसित भएको परम्परा हो। यो धर्मले बहुदेववादः असंख्य खामीहरूको अस्तित्वमा विश्वास गर्दछ।

***नैतिकताको अवधारणाः***

शिन्तोमा "पाप" को अवधारणा यहूदी-ईसाई परम्परा जस्तो स्पष्ट रूपमा परिभाषित गरिएको छैन। मानिस जन्मदेखि नै नैसर्गिक रूपमा शुद्ध हुन्छ, तर जीवनको क्रममा अशुद्धि (किजोकु) लाग्छ। लक्ष्य त्यो अशुद्धिलाई हटाउने र शुद्ध अवस्थामा फर्कने हो।

***अभ्यास र अनुष्ठानहरू (Practices and Rituals), मन्दिरहरू (Jinja):***

शिन्तो मन्दिरलाई "जिन्जा" भनिन्छ। यी प्रायः प्राकृतिक वातावरणमा, पहाड वा जंगलको कुनामा बनाइन्छ। एउटा पवित्र फलामको झण्डा र मन्दिरको प्रवेशद्वार हुन्छ।

***पूजा (Worship):***

भक्तहरू मन्दिरमा जाँदा हात र मुख धुन्छन् (Temizu), मन्दिरको घण्टी बजाएर खामीलाई आफ्नो उपस्थिति जनाउँछन्। दुई पटक हात ताली बजाउँछन् (Kashiwade), आँखा बन्द गरी प्रार्थना गर्छन्, र अनि एक पटक फेरि ताली बजाउँछन्। त्योहारहरू (Matsuri पर्व)ः शिन्तोमा धेरै स्थानीय र राष्ट्रिय त्योहारहरू/पर्वहरू छन्। यी त्यो हारहरूमा झ्याल, नाच, संगीत, र देवतालाई भोजन (प्रसाद) चढाउने गरिन्छ।

***वस्तुहरू (Shintai):***

मन्दिरहरूमा "शिन्ताई" हुन्छ, जुन खामीको शारीरिक निवास स्थान हो। यो एउटा चट्टान, दर्पण, वा तलवार जस्तो कुनै पनि वस्तु हुन सक्छ। यसलाई गोप्य राखिन्छ र सामान्य भक्तहरूले देख्न पाउँदैनन्।

***शिन्तो र बौद्ध धर्मको सम्बन्ध***

जापानमा शिन्तो र बौद्ध धर्म (जुन कोरिया र चीनबाट आयो) लगभग १,५०० वर्षदेखि सह-अस्तित्वमा छन्। धेरै जापानीहरूले दुवै परम्पराको अभ्यास गर्छन्। यसलाई "शिनबुत्सु-शुगो" (Shinbutsu–shūgō) भनिन्छ। उदाहरणका लागिः जन्म, विवाहः शिन्तो अनुष्ठान अनुसार गरिन्छ (शुद्धताको प्रतीक)। मृत्यु, अन्त्येष्टिः बौद्ध अनुष्ठान अनुसार गरिन्छ किनभने शिन्तोमा मृत्युलाई अशुद्ध मानिन्छ।

***शिन्तोको प्रकारः***


मन्दिर शिन्तो (Jinja Shinto): यो सबैभन्दा पुरानो र प्रचलित रूप हो, जुन स्थानीय मन्दिरहरूमा केन्द्रित छ। राज्य शिन्तो (Kokka Shinto): मेइजी काल (१८६८-१९४५) देखि द्वितीय विश्वयुद्धसम्म, शिन्तोलाई जापानी राष्ट्रियता र सम्राटको पूजासँग जोडेर राज्य धर्म बनाइएको थियो। युद्धपछि, सम्राटले आफूलाई देवताको वंशज भन्ने दाबी छोडे र शिन्तो राज्यबाट अलग गरियो। सम्प्रदाय शिन्तो (Kyoha Shinto): १९औं शताब्दीमा उद्भव भएका संगठित धार्मिक सम्प्रदायहरू। लोक शिन्तो (Minkan Shinto): स्थानीय रीतिरिवाज, विश्वास, र परम्पराहरूमा आधारित जनसाधारणको शिन्तो।

शिन्तो एउटा धर्म (religion) भन्दा पनि जीवन संचालनको एक तरिका (way of life) हो, दर्शन हो। यो जापानी संस्कृति, समाज, र मानसिकताको गहिराइमा छ। यसले प्रकृतिको सुन्दरतालाई मान्ने, पूर्वजहरूप्रति सम्मान राख्ने, र सरल तर गहन आध्यात्मिक अभ्यास मार्फत जीवनलाई चलाउने दर्शन हो। आज पनि जापानको दैनिक जीवनमा यसको प्रभाव स्पष्ट रूपमा देख्न सकिन्छ।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# “वम काण्ड” को बेलाको संस्मरण

**राष्ट्रिय पंचायतको सभा हल लगायत देशका मुख्य शहरहरु र कैलालीको धनगढी र अत्तरिया बजारमा बम राखेर पडकाउने काम भयो। त्यो घटनाले नेपाली कांग्रेसको “सत्याह ग्रह” आन्दोलनलाई असर पार्‍यो। त्यही मौका छोपी प्रतिक्रियावादी सत्ताका भाडाका सिपाहीहरुले नेपालका कम्युनिस्टका नेता तथा कार्यकर्ता र नेपाली कांग्रेसका नेता तथा कार्यकर्तालाई समात्ने काम भयो।**



● कृष्णप्रसाद शर्मा भट्टराई ●

२०४२ साल असार महिनामा राम राजा सिंहको नेतृत्वमा ‘वम काण्ड’ भएको थियो। त्यस समयमा नेपाली कांग्रेसले २०४२ साल जेष्ठ १० गतेबाट “सत्याह ग्रह” को आन्दोलन शुरु गरेको थियो। त्यसबेला सभा, जुलुश मौन रूपमा नेपाली कांग्रेसले गरिरहेका थिए। पंचायती कालरात्रीको समयमा त्यो कार्यक्रम पनि पंचे सरकारलाई टाउको दुखाईको अवस्था थियो। निरंकुश राजतन्त्रको अवस्थामा सबै पार्टीहरू प्रतिबन्धित थिए। त्यो बेला जनता चुइक्क बोल्नसम्म पनि पाउँदैनथे। त्यस्तो अवस्थामा राम राजाको नेतृत्वमा केही सांकेतिक घटनाहरू भए।

राष्ट्रिय पंचायतको सभा हल लगायत देशका मुख्य शहरहरू र कैलालीको धनगढी र अत्तरिया बजारमा बम राखेर पडकाउने काम भयो। त्यो घटनाले नेपाली कांग्रेसको “सत्याह ग्रह” आन्दोलनलाई असर पार्‍यो। त्यही मौका छोपी प्रतिक्रियावादी सत्ताका भाडाका सिपाहीहरूले नेपालका कम्युनिस्टका नेता तथा कार्यकर्ता र नेपाली कांग्रेसका नेता तथा कार्यकर्तालाई समात्ने काम भयो।

त्यसै क्रममा हामी कैलाली जिल्लाका ने.क.पा. (चौथो महाधिवेशन) का नेता तथा कार्यकर्ताहरूलाई वारेन्ट काटेर खोज्न थाल्यो। त्यसै क्रममा हाम्रो पार्टीका जिल्ला नेताहरू डिसिएस रामचन्द्र भट्ट, डिसिएम कर्ण थापा (खैरीफाट,धनगढी), डिसिएम गगनसिंह थापा (कटासे), मेघराज आचार्य (टीकापुर)लाई धनगढी जेलमा पुर्‍यायो। त्यसै समयमा पार्टी सदस्य शितल लाल कर्ण, जुन खैरीफाँटको वन समितिका कर्मचारी तराई मूलका हुनुहुन्थ्यो। उहाँलाई हेलिकोप्टरबाट काठमाडौं र त्यहाँबाट आफ्नो गृह जिल्ला धनुषा जिल्लाको जनकपुर लगेरधेरै यातना सहित राखियो। जुन हाम्रो पार्टीको सीसीएम हुनुहुन्थ्यो। हाल उहाँ पार्टी एकता महाधिवेशनबाट पार्टीको संरचना सानो बनाउने क्रममा हट्नु भएको छ। त्यस्तै कैलाली जिल्लाका अन्य डिसिएमहरू म कृष्ण प्रसाद शर्मा भट्टराई, लेखराज भट्ट, यज्ञराज भट्ट, डिल्लीराज जोशी, कृष्ण धमला हामी त्यो समयमा भूमिगत भयौं।

केही समयपछि हामी भारतको उत्तर प्रदेशको पलिया भन्ने ठाउँमा हाम्रो बैठक बस्यौं। लेखराज भट्ट महाजनको घरमा पलिया बजारमा वस्नु हुन्थ्यो। त्यो समयमा उहाँले त्यो सेल्टर देखाउनु भएन। त्यो बैठकमा पहिले जेलबन्दी र भूमिगत साथीहरूको घरमा भेटघाट गर्ने निर्णय गरियो। त्यस समयमा धनगढीका साथीहरू अलि आतंकित हुनुहुन्थ्यो। त्यो जिम्मा मैले नै लिनु पर्‍यो। अन्य साथी पलियामा नै बस्नु भयो र म धनगढी गएँ। धनगढीको भन्सार र चौकीलाई छल्दै एक्लै डिसिएस रामचन्द्र भट्टको घर कैलाली गाउँ बोराडाँडी भित्र थियो। उहाँका परिवारलाई सम्झाउने बुझाउने आदि कुरा गरी रातमा २-३ घण्टा बस्ने सबै कुरा परिवार र त्यहाँका पार्टी कार्यकर्तासँग भेट गर्ने काम भयो। त्यो रात रामचन्द्रको घरबाट अलि टाढा साथीको घरमा बस्ने काम भयो। अर्को रातमा लेखराजको आमा र परिवारलाई भेट्ने काम भयो। पार्टीको धारणा, हाम्रो जिम्मेवारी लगायत कुराहरू राखेर सम्झाउने काम भयो। त्यहाँबाट २ घण्टापछि अत्तरियाको अर्को घरमा गएर सेल्टर लिएर बसैं। अर्को दिन धनगढी गाउँको बाटो हुँदै डिल्ली जोशीको भान्जाको घरमा गएर रेस्ट गरियो। साँझ रातमा यज्ञराज भट्टको धनगढी गाउँको बाटो हुँदै यज्ञराजको घरमा पुगियो। जुन घरमा जाँदा एसएसपी कार्यालयको तारवार गरेको कम्पाउन्डको बाटो नै भएर जानुपर्ने थियो। त्यस कम्पाउन्डको लगभग ५-६० मिटरमा घर छ। त्यहाँ अति संवेदनशील ठाउँ भएकोले छोरालाई बाहिर बस्न पठाएर आमा र छोराछोरीसँग कुरा भयो। यज्ञराज भट्टको परिवार अलि रुढीवादीभए पनि म भेट गरेपछि धेरै सम्झाएपछि उहाँले स्वीकार गर्नुभयो। मैले उहाँलाई भने म यस्तो खतरा अवस्थामा पनि आएको छु। मैले तपाईहरू नआत्तिनुस् भने केही हुँदैन भन्ने विश्वास दिलाएपछि खुशी हुनुभयो। अलि आत्मविश्वास भयो। त्यसपछि म एक जना चिनेको साथीको घरमा गएर सुतेँ। अर्को दिन पलिया गएँ। यसरी जस्तै पनि कठिन कामलाई आत्मविश्वास गरियो भने सजिलै हल गर्न सकिन्छ। म आफू पनि भूमिगत नै थिए। पार्टीको कामलाई सर्वोपरी मानी काम गर्ने चलन थियो। त्यो म पार्टीको सिपाही भएकोले जिम्मेवारी पूरा गरेरै छोडे। ३-४ दिनपछि म पलिया पुगे। अरु साथीहरू होटेलमा बस्नु हुन्थ्यो। लेखराज भने आफ्नो महाजनको घरमा बस्नु हुन्थ्यो। म गएपछि म, यज्ञराज भट्ट, डिल्ली जोशी, कृष्ण धमला त्यहाँ बसेका थियौं। यज्ञराज भट्ट र डिल्ली राज जोशीले केन्द्रीय कार्यालय गोखरपुर जान्छौं भन्नुभयो। लेखराज यसरी आरमसँग बस्ने हामीलाई कोठा पनि नदेखाउने, पार्टीभित्र पनि सामन्त र दुःखी दुई थरीका मान्छे हुन्छन् ? भनेर रिसाए र त्यसैले गोरखपुर पठाउने गरी भाडा पार्टीले मिलाउनुपर्छ मिलाउनुस भन्दै अलि कडा तरिकाले व्यक्त हुनुभयो तर मैले देशभित्र जाने जनताको माझमा गएर जनतासँग जोडिनुपर्छ भन्ने मैले सुझाव राख्दा यज्ञराज र डिल्लीजी हुँदैन हामी जान्नम् हामीलाई समात्छ। देशभित्र जानुहुँदैन भनेपछि कृष्ण धमलाजीले भित्रै गएर काम गर्नुपर्छ हल्का कुरा गर्ने काम गरे।

तिमीहरूले हामीलाई जेलमा हाल्न खोजेका हौं भन्दै पलियाको बैठकमा भन्नुभयो। मैले तपाईहरूलाई बचाउन सक्छु, मेरो भनाईमा हिंड्नुपर्छ। किनभने २०३५-३६ सालको पूर्वी तराईमा किसान आन्दोलनमा हाम्रो पार्टीको नेतृत्वमा भएको थियो। त्यहाँ धेरै दमन भएपछि पार्टीले त्यहाँका साथीहरूलाई, कैलाली, कन्चनपुर, बर्दिया जिल्लामा लिएर धेरै कामरेडहरूलाई सिन्धुली तथा अन्य जिल्लाका कमरेडहरू सुरक्षित तरिकाले जन परिचालन गरेका थियौं। सुरक्षित तरिकाले संगठनहरू निर्माण प्रशिक्षण दिन सकिएको हुनाले ३-४ महिनासम्म व्यवस्था गरेको अनुभव थियो। त्यो बेला आएका कामरेडहरू कमैया भएर परिवार सहित बस्नु भयो पछि टीकापुरमा डकर्मी, त्यस्तै कैलालीमा वस्नु भएको थियो। लेखराज भट्ट आफू मात्र सुरक्षित हुनै अरु साथीको व्यवस्थाबारे वास्ता नगर्ने कुनै सरसल्लाह नगर्ने। कृष्ण धमलाजी सरकारी जागिर भएको हुनाले आफै सुरक्षित हुने कुरा भयो। यज्ञराज भट्ट र डिल्लीराज जोशी मेरो कुरामा कठिन अवस्थाबाट यज्ञराज भट्ट अलि चुप लाग्नु भयो। पछि डिल्ली राज शिक्षक थिए। उनी पनि मन्जुर भएर हामी त्यहाँ बस्दा पनि होटेल भाडा तिर्न असजिलो अवस्थामा थियौं। यज्ञराज भट्ट, म, डिल्लीराज जोशी पलियाबाट रेलको टिकट लिई बेलरायमा झर्‍यौं। त्यसपछि हामी कैलालीको पृथ्वीपुरको चौकीलाई छलेर लाल भुजिगाउँ खैलाड हुँदै दरक गाउँ पंचायतको साडेपानी पुर्‍याएँ।

डिल्ली जोशीको दाजुको घर साडेपानीमा थियो। त्यहाँ सतर्क सहित ३ रात बसियो। डिल्ली राज जोशी अलि आत्तिए र म त पहाड दाजुको घरमा पण्डौन खैरालातिर जान्छु भने यज्ञराज भट्टको आँखा कमजोर भएकोले पहाड कुरा राख्नु भएन मैले भने हामी जनताको बीचमा परिचालित हुनुपर्छ। संगठन निर्माण गर्नुपर्छ। हामीलाई जनताले नै पाल्छन्। लुकाउँछन्, डराउनु हुँदैन। सबै तिनै जना हिंडौ भन्दा डिल्लीराजजी एक्लै जान्छु भने पछि यज्ञराज भट्टले म त कृष्णजी जता जानुहुन्छ म उनैसँग जान्छु भन्नुभयो। त्यसै आधारमा मैले प्रहरी चौकीहरू छल्दै गाउँहरूमा राख्दै, प्रशिक्षण दिँदै कमिटी निर्माण गर्दै पथरैया गाउँ पंचायतको खैरीफाट पुर्‍याएँ। उहाँले आँखा नदेख्ने रातमा हिंड्न नसक्ने, मलाई त्यस एरियामा दिनमा हिंड्न नहुने अव समस्या भयो। मैले खैरी फाँटा मानसिंह नेपालीको घरमा उहाँलाई रातमा राखेर म, कर्ण थापा र गगन थापा जेलबन्दी साथीहरूको घरमा गएर परिवार छोराछोरीका आमा सबैलाई भेट्नु पर्ने थियो। त्यसै आधारमा कर्ण थापाको घरमा रातको समयमा परिवारलाई भेट गरी सबै समस्याहरू र हामीले गर्नु पर्ने कर्तव्यहरू केही हुँदैन नआत्तिनुस् छिटै आउनुहुन्छ। कांग्रेस, कम्युनिस्टका नेता-कर्ताकर्ताहरू परेको हुनाले केही समय पछि छोड्दछ भनेर, आमा र मेडम र बच्चाहरूसँग बसी वैचारिक र सबै प्रकारले सम्झाउने काम भयो। विभिन्न प्रकार सान्तवना दिने काम भयो।

त्यसपछि सेल्टर लिन अर्को साथीको घरमा गएँ जहाँ यज्ञराजजीलाई राखेको थिएँ। अर्को दिन कटासे बजारबाट ३०० मिटर जति टाढा गगन थापाको घर थियो। त्यहाँ चौकी पनि थियो। खेतको कुलै कुला र श्रावण महिनाको कुला पनि ठूला हुने कुला तर्न पर्नि अप्ठ्यारो हुने गगन थापाको घर जाँदा एउटा काठको डुङ्मा बाम्मे सर्दै रातको समयमा पार गरियो। टर्च लगाउने कुरा पनि भएन। प्रहरीको चौकी नजिक भएको हुनाले बाहिर तगालो लगाउने ठाउँमा एउटा घरको परिवारलाई राख्न लगाएर करिव आधा घण्टा जति परिवार छोराछोरीहरू राखेर व्यवहारिक वैचारिक सबै प्रकारका तर्क राखेर उहाँ छिट्टै छुट्नु हुन्छ। त्यस समयमा कांग्रेस-कम्युनिस्ट सबै परेको हुनाले छोड्छ नआत्तिनुहोस् भन्दै सम्झाउने काम भयो। त्यसपछि त्यहाँबाट फर्किए जुन बाटोबाट आएको थिए त्यही बाटो हुँदै यज्ञराज बसेको सेल्टर गएर सुतियो। यही क्रमबाट टिकापुर, बैदी, बटनपुर, सबै ठाउँ हिंडाले। उहाँ रातमा लामो हिंडाई गर्न नसक्ने अवस्थाले छोटो छोटो ठाउँमा सेल्टर राखेर क्लास, भेटघाट, संगठन निर्माण आदि गरिन्थ्यो। पुछ्रीगाउँमा मेघराज (जेलबन्दीको) घरमा भेटघाट गर्ने काम भयो। कुनै ठाउँमा यज्ञराजलाई लिएर जाने र नजान सक्ने ठाउँमा उहाँको व्यवस्था मिलाएर एक्लै पनि भेटघाट गर्ने काम हुन्थ्यो। कविराज र मेघराजहरू पहिले प्यूठानमा प्रहरीले लाने र छोड्ने गर्दथ्यो। उनीहरूका परिवारलाई सम्झाउन अप्ठ्यारो पर्दैनथ्यो। तैपनि पार्टीको कार्यक्रम बन्दी साथीका परिवारलाई भेटेर जानकारी गराउने हुन्थ्यो। कैलालीको पूर्वी बेल्टतिर करिव एक महिना बसियो।

उता लेखराज भट्ट उनी अलि जमिन्दार भएकोले पलियाको महाजनको घरमा बस्थे। महाजन भनेको जनतालाई वाली नपाक्दै पैसा दिने र पछि जनताबाट धान सस्तो मूल्यमा लिनेलाई भनिन्छ। लेखराज भट्ट त्यसकारण सुख सुविधासँग बसेका थिए। यज्ञराज भट्टले सामन्त र गरिब दुई प्रकारका मान्छे पार्टीमा छन् दुःख र सुख बाँड्ने अवस्था छैन। यो भन्दै लेखराजको विरोध गर्दथे। डेढ महिना (१ महिना १५ दिन) पछि हामी भारतको तिकुनियाँबाट रेलको टिकट काटेर पलिया गयौं। लेखराजलाई तपाई बसेको ठाउँ पनि नदेखाउने भनेपछि उनले महाजनको घरमा बसेको डेरा देखाए। यसरी पार्टीको सम्पर्कहरू बनाए पनि संगठन पूर्वी वेल्ट र पश्चिम धनगढी क्षेत्रमा मात्र थियो।

उता डिल्लीराज जोशी विद्यालयमा पढाउन थालिसकेका थिए। पन्चे र कांग्रेससँग मिलाएर वातावरण तयार पारेछन्। डिल्लीराजले पढाउन थालेको कुरा थाहा भयो। ढाई महिनापछि अलि हल्का भयो। पञ्च र उसका प्रहरीहरू निस्क्रिय भयो हामी पनि अर्ध भूमिगत भयौं। विस्तारै खुला हुन थाल्यौं। म नेपाल राष्ट्रिय संगठनको सदस्य थिए। त्यसैबेला “काठमाडौं जाऔं” भन्ने शिक्षक आन्दोलन थियो त्यो आन्दोलनमा सहभागी हुन म, डिल्लीराज जोशी र लेखराज भट्ट काठमाडौं गयौं। संजोकबस हामी सबै बालुवाटारमा गिरफ्तारी परियो। जुलुशबाट हामीलाई महेन्द्र पुलिस क्लवमा लग्यो। त्यहाँबाट केहीलाई हनुमान ढोका डिएपी खोरमा लग्यो। त्यसैबेला मोदनाथ प्रश्रित त्यही थिए। म, लेखराज, डिल्ली जोशी काभ्रेका सरहरू लगायत ९ जनालाई ३ जना राख्न मिल्ने ठाउँमा ९ जनालाई राख्यो। त्यसरी हामी ९ जना त्यही खोरमा बस्यौं। त्यहाँ भने लेखराज र हाम्रो अवस्था एकै रह्यो। ९ दिन पछि हामी सबै शिक्षक छाड्ने आदेश आएपछि हामी सबै छुट्यौं। कैलाली गयौं ६-७ महिनासम्म बम काण्डको अवस्था रह्यो। यो घटनाबाट साथीहरू खारिने काम भयो। जेल बसेका साथी मध्ये एक जना जेलबाट नै कांग्रेस बन्नेकाम भयो। गगनसिंह थापा जेलमा कांग्रेस भए।

त्यसैबेला कर्ण थापाले भन्नुभएको थियो पहिले कांग्रेसबाट आएको हुनाले कांग्रेस भए।जुन दुलोबाट आएको थियो त्यही दुलोमा पस्यो भन्नु भाथ्यो। तर अरु साथीहरू सबै वामपन्थी नै रह्यौं।

# जिम्मेवार शक्तिहरूको सक्रियतामा सर्वपक्षीय संवाद गर्न राष्ट्रिय प्राध्यापक संगठनको माग



काठमाडौं। राष्ट्रिय प्राध्यापक संगठनले जिम्मेवार शक्तिहरूको सक्रियतामा सर्वपक्षीय संवाद गर्न माग गरेको छ। संगठनका अध्यक्ष प्रा.डा.जगदीशचन्द्र भण्डारीले वक्तव्य जारी गर्दै यस्तो माग गर्नुभएको हो। उहाँले जारी गरेको वक्तव्यमा भनिएको छ, “२३ गते जेन-जेडले देशमा बढेको व्यापक भ्रष्टाचार, बेरोजगारी, आर्थिक असमानता, नातावाद, पलायन, राष्ट्रियता विरोधी कदम तथा सोसल मिडिया प्लेटफर्ममा प्रतिबन्ध लगाएर अभिव्यक्त स्वतन्त्रतामाथि गरिएको बन्देजका विरुद्धमा गरेको आन्दोलनमा भएको बर्बर ,नृशंस र क्रूर दमनबाट २१ जना युवाको हत्यासँगै सयौंलाई घाइते बनाएको प्रति हाम्रो सङ्गठन स्तब्ध र दुस्खित भएको छ। ओली सरकारको उक्त अमानवीय कदमको हामी तीव्र निन्दा र भ्रत्सना गर्दछौं। साथै मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै घाइते आन्दोलनकर्मीहरूको तत्काल निःशुल्क उपचार गर्न माग गर्दछौं।

आन्दोलनलाई अराजकतातिर धकेली निहित स्वार्थसिद्ध गर्न खोज्ने तत्वप्रति सचेत रहन आन्दोलनकर्मीहरूलाई आह्वान गर्दछौं र जिम्मेवार शक्तिहरूको सक्रियतामा सर्वपक्षीय संवाद गर्न र माग पूरा गराउन अग्रगामी शक्तिहरूलाई अगाडि बढ्न समेत आह्वान गर्दछौं।”

*प्रा.डा. जगदीश चन्द्र भण्डारी, अध्यक्ष, राष्ट्रिय प्राध्यापक संगठन*

# उत्पीडन अन्त्य गर्न दलित आन्दोलनको क्रान्तिकारी कार्यभार



● दर्शन कुमार नेपाली ●

**नेपालमा दलित आन्दोलनको संगठित सुरुवात ६ दशकभन्दा बढी भएको छ । १००७ देखि २०२३ सालसम्मको दलित आन्दोलनको मुख्य नारा छुवाछुतको विरोध थियो । २०२९ सालमा आरक्षणको नारा थपियो । २०२४ को वरपर तत्कालीन कम्युनिष्ट नेता रूपलाल विश्वकर्माको नेतृत्वमा दलित आन्दोलनलाई कम्युनिष्ट आन्दोलनसँग जोड्ने प्रयत्न भयो । २०४३ को सेरोफेरोमा दलितमुक्तिको प्रश्नलाई राजनीतिक व्यवस्थासँग जोडेर हेर्नुपर्ने भन्ने कुराको सैद्धान्तिकरण गरियो । २०४६ सालको परिवर्तनपछि बल्ल नेपालमा दलित आन्दोलन गुणात्मक र मात्रात्मक रूपले अघि बढ्ने आधारभूमि बन्यो । ५० को दशकमा आइपुगेपछि बल्ल दलित आन्दोलनभित्र आर्थिक मुक्तिको प्रश्नले स्थान पायो ।**

वर्तमान संसदीय सत्ताले उत्पीडित दलित समुदायलाई वर्णाश्रममा आधारित जात व्यवस्थाको जाँतोबाट मुक्त बनाउने बिषय कोरा कल्पना मात्रै हो । वर्तमान दलाल पुँजीवादी संसदीय सत्ताको चरित्र एकात्मक हिन्दु ब्रह्माणवादि सत्ता हो, जो जात व्यवस्थालाई जिवित राख्न हर प्रकारका प्रयत्नहरू गरिरहेको छ ।

प्रतिक्रियावादी संसदीय सत्ता र जात व्यवस्थाका विरुद्ध क्रान्तिकारी आन्दोलनलाई मजबुत बनाउँदै राजनीतिक, आर्थिक, सामाजिक, संस्कृति र प्रशासनिक क्षेत्रमा प्राप्त उपलब्धिहरू रक्षाको लागि हस्तक्षेप जारी राख्दै सिङ्गो जात व्यवस्थाका विरुद्ध आन्दोलन केन्द्रित बनाउँदै दलित समुदाय, प्रगतिशील सम्पूर्ण समुदाय र सरोकारवालाहरूको राजनीति बैचारिक स्तर उठाउन आवश्यक छ ।

***१) वर्णाश्रममा आधारित जात व्यवस्थाको अन्त्य :***

दक्षिण एसियाली समाज विशेषतः भारत र नेपालमा एकात्मक हिन्दु ब्राह्मणवादी चिन्तन प्रवृत्तिले राज्यसत्तालाई नियन्त्रणमा लिएर जात व्यवस्थालाई मलजल गरिरहेको छ । जातीय विभेद तथा उत्पीडनको अन्त्य गर्न सिङ्गो जात व्यवस्थाको अन्त्य नभएर कहिले दलित समुदायलाई गैरदलितसँग मिल्ने जात थर लेख्ने कुराले अल्झनमा पारिरहेको छ भने कहिले दलित शब्द खारेजीको विषय उठाउँछ त कहिले धार्मिक यज्ञहरू लगाएर केही ब्राह्मणवादको पुच्छर समातेका दलित समुदायका व्यक्तिहरूलाई कथित प्रवचनको नाममा विज्ञापन गर्न लगाइन्छ ।

दक्षिण एसियाली समाजमा जात व्यवस्थाले निम्त्याएको संकट र समस्याको समाधान षड्यन्त्र, जालझेल र छट्पटी हैन बरु सिङ्गो जात व्यवस्थाको अन्त्य हो । वर्णाश्रम जात व्यवस्थाको अन्त्य बिना गरिने सबैखाले हर्कतहरूले कथित सामन्तवादी जात व्यवस्थालाई शक्तिशाली बनाउने खेलोमात्रै हुने छ, जो उत्पीडित दलित समुदायको हितमा त हुनेछैन त्यो सँगै इतिहासमा तथाकथित शास्त्रहरूमा उल्लेख गरिएका मानवताविरोधी तर्कहरूलाई सत्य सावित गर्ने प्रयत्न हुनेछन् । त्यसैले सम्पूर्ण जातहरूको खारेजी सिङ्गो जात व्यवस्थाको खारेजी बिना सद्भाव सहितको सामाजिक रूपान्तरण सम्भव छैन ।

***२) गोत्रीय परिचयको सवैधानिक स्थापना :***

गोत्र समाजमा वंश पहिचानको मुख्य आधार अथवा सिद्धान्त हो । शोषण गर्ने उद्धेश्यले थोपरिएका जात र थरहरूको पूर्णरूपले उन्मूलनगरि हेरक मानिसले आफ्नो गोत्रको आधारमा सामाजिक सम्मान सामाजिक तथा पारिवारीक अन्तरघुलन र सामाजिक अन्तरघुलन गर्न पाउने अवस्था प्राप्त गर्न सकिन्छ । (धर्मेन्द्र बास्तोला कञ्चन २०६५ दलित मुक्ति र जात ब्यवस्था उन्मुलन लेख ।)

एकात्मक ब्राह्मणवादी जात व्यवस्थालाई जिवित राख्नका लागि दलित समुदायले गैरदलितसँग मिल्ने थर लेख्दा समान भइन्छ भन्ने मान्यता जात व्यवस्थालाई जिवितै राख्ने षड्यन्त्रको निरन्तरता हो । थरहरूमा समेत उच निचता रहेको छ । थर लेख्ने कुराले पनि जातीय विभेद तथा उत्पीडनको हल दिन सक्दैन । संवैधानिक रूपमा जात व्यवस्थाको उन्मूलन गरि नामको पछि (गोत्र लेख्ने) गोत्रीय परिचय हुनपर्दछ । मानव जातिको विकासको पहिलो चरण गोत्रहरूको उत्पति थियो । जहाँ कुनै जात, जाति र धर्म केही पनि थिएन । जो आफ्ना सन्तानहरूको पहिचानको लागि थियो । जस्ले सामन्तवादी वर्णाश्रममा आधारित जात व्यवस्थाको अन्त्य गरि सामाजिक सद्भाव सहितको नयाँ संस्कृतिको निर्माण गर्न मद्धत गर्नेछ ।

***३) पूर्ण समानुपातिक सहितको विशेषाधिकार :***

समानुपातिक समावेशीताको सिद्धान्त कमरेड लेनिनले रुसबाट लागु गर्नु भएको हो । पछि भारतमा भीम राव डा. अम्बेडकरले समानुपातिक समावेशीता र दलित समुदाय लक्षित विशेष अधिकारको पक्षमा महत्वपूर्ण संघर्ष गर्नु भयो । नेपालमा बिशेष गरेर १० बर्षे महान जनयुद्ध र १९ दिने जनआन्दोलन पश्चातको संघीय जनगणतन्त्र नेपाल माओवादी आन्दोलनको बलमा समानुपातिक समावेशीता र दलित अधिकारको पक्षमा राज्यसत्तामा सामान्य सुधारका योजना र कार्यक्रमहरू ल्याइएको हो ।

वर्तमान समयमा प्रतिक्रियावादी एकात्मक सत्ताले समानुपातिक समावेशीताको विषयमा गम्भीर खालका षड्यन्त्र गरिरहेको छ । कथित संविधानको धारा ४० को उपधारा १०७ सम्मका विषयले दलित समुदायलाई मुक्त गर्ने नभइ निरन्तरतामै लैजाने निश्चित छ । संसदीय सत्ताको चरित्र भनैकै खसीको टाउको देखाएर कुकुरको मासु बेच्नु हो ।

समानुपातिक समावेशीताको विषयमा संसदीय संविधान लागु गरिए पनि उत्पीडित समुदायको जीवन रूपान्तरण हुन सक्दैन । त्यसको लागि पार्टीमा क्रान्तिकारी सर्वहारा वर्ग दलित समुदायको केन्द्रिकरण हुन आवश्यक छ । त्यसको नेतृत्वको विकास राजनीतिक, वैचारिक, सामाजिक, साँस्कृतिक विकास गर्दै समाजवादी सत्ता स्थापन गरि पूर्ण समानुपातिक समावेशीता सहितको बिशेष अधिकारको व्यावहारिक प्रयोग हुन आवश्यक छ ।

***४) साँस्कृतिक सहिद घोषणा :***

छुवाछूतलाई समाजमा संस्कृतिको रूपमा लागु गर्दै उत्पीडित श्रमिक दलित समुदायमाथि जातीय भेदभाव छुवाछूत शोषण दमन उत्पीडन अन्याय अत्याचार गरियो । त्यसको समग्र प्रतिकार वर्गसंघर्षको माध्यमबाट मात्रै सम्भव थियो भन्ने पुष्टि महान जनयुद्धले गर्यो । जहाँ जर्जर अवस्थामा रहेको जातीय भेदभावको अन्त्य हुँदै थियो । समाजिक रूपमा नयाँ संस्कृतिको विकास भइरहेको थियो वर्गसंघर्षमा भएको धोकाले उत्पीडित जनता र दलित समुदायका प्राप्त उपलब्धिहरू गुम्दै गए । शान्ति प्रक्रिया पश्चात् जातीय भेदभाव तथा छुवाछूतले पुनः सामाजिक संकटहरू सृजना गर्न थाल्यो ।

२०६४ साल पछिपनि छोइएकै कारण हत्या, चुलो छोइएकै कारण हत्या अन्तर जातीय प्रेम सम्बन्ध राखेकै कारण गरिएका हत्या, अन्तरजातीय प्रेम सम्बन्धकै कारण दलित समुदायका घरमा आगजनी लगायतका मानवता विरोधी हर्कतहरू भइरहेका छन् । जातीय विभेद तथा छुवाछूत कथित हिन्दु ब्राह्मणवादी उच्च जातद्वारा लादिएको संस्कृति हो । यस्तो मानवताविरोधी संस्कृतिको विरुद्ध पहल लिने दलित तथा गैरदलित योद्धाहरू, दलित भएकै कारण राज्यसत्ताका कस्टडीहरूमा मारिएका योद्धाहरूको इतिहास कथित जात व्यवस्थाको जगमा लादिएको ब्राह्मणवादी संस्कृति विरुद्धको लडाइँको इतिहास हो । यो इतिहासमा ज्यान गुमाउनेहरूको पहिचान संस्कृतिक सहिदहरूको पहिचान हो । साँस्कृतिक क्रान्तिका योद्धाहरूको इतिहास 'एकीकृत दलित मुक्ति मोर्चा नेपाल' र माउ पार्टी नेपाल कम्युनिष्ट पार्टी (बहुमत) ले दायित्व लिनबाट पछि पर्न हुँदैन ।

***५) प्रतिरोध संघर्षको अनिवार्यता :***

नेपालमा दलित आन्दोलनको संगठित सुरुवात ६ दशकभन्दा बढी भएको छ । १००७ देखि २०२३ सालसम्मको दलित आन्दोलनको मुख्य नारा छुवाछुतको विरोध थियो । २०२९ सालमा आरक्षणको नारा थपियो । २०२४ को वरपर तत्कालीन कम्युनिष्ट नेता रूपलाल विश्वकर्माको नेतृत्वमा दलित आन्दोलनलाई कम्युनिष्ट आन्दोलनसँग जोड्ने प्रयत्न भयो । २०४३ को सेरोफेरोमा दलितमुक्तिको प्रश्नलाई राजनीतिक व्यवस्थासँग जोडेर हेर्नुपर्ने भन्ने कुराको सैद्धान्तिकरण गरियो । २०४६ सालको परिवर्तनपछि बल्ल नेपालमा दलित आन्दोलन गुणात्मक र मात्रात्मक रूपले अघि बढ्ने आधारभूमि बन्यो । ५० को दशकमा आइपुगेपछि बल्ल दलित आन्दोलनभित्र आर्थिक मुक्तिको प्रश्नले स्थान पायो ।


विशेषत भारत र नेपालमा जातीय विभेदका घटनाहरू कहाली लाग्दा छन् । शान्ति प्रकिया २०६२-६३ देखि २०८० सम्म मधेसमा मात्रै झण्डै ६६५ जना महिला तथा पुरुष दलित समुदायका ब्यक्तिहरूको हत्या गरिएको छ भने पहाडी क्षेत्रमा दलित समुदायमाथि घटेका प्रख्यात २४ वटा हत्याहरू छन् जो मानवअधिकारको तथ्यांक अनुसार २०७७ सालसम्मका प्रख्यात घटनाहरू हुन् जो प्रतिरोध संघर्ष बिना अपुरा छन् । भारतको जोती वाफुलेमा हजारौं दलितहरूको सहभागीता रहयो । कार्यक्रम सकिएपछि गैरदलितको आक्रमणबाट सयौं दलितहरू घाइते भए भने भारतको तमिलनाडुमा १९६८ मा खेती किसान गर्ने दलित समुदाय माथि सामुहिक नरसंहार भएको थियो ।

खेतीमा मजदुरी गर्ने किसानहरूले ज्यालाको माग गरि हड्तालसम्मको कार्यक्रम बनाएका थिए । उक्त आन्दोलनको बिरुद्धमा कथित माथिल्लो जाति भनिनेहरूले आन्दोलनरत किसान दलित समुदाय माथि बर्बरतापूर्ण ढङ्गले हमला गरिएको थियो । १९७० को अन्तिमदेखि दलित अधिकारको पक्षमा आन्दोलनरत दलित समुदायको बस्तीहरूमा नरसंहार गर्दै २००६ सम्मआउँदा झण्डै ३५ वटा गाउँहरूमा आक्रमण भयो । विभेदका विरुद्ध प्रतिरोध आन्दोलनले जातीय विभेदका विरुद्ध प्रतिरोधात्मक चेतनाको विकास भएको देखिन्छ महान १० बर्षे जनयुद्धमा नेपाल कम्युनिष्ट पार्टी माओवादीको नेतृत्वमा त्यसको भातृमोर्चा नेपाल दलित मुक्ति मोर्चाले शसक्त प्रकारका कार्यक्रमहरूको आयोजना गर्दै जातीय विभेदका विरुद्ध प्रतिरोधात्मक संघर्ष सञ्चालन गर्यो र जातीय विभेदका घटनाहरू सतहमा आएका थिए ।

प्रेम सम्बन्ध राखेकै कारण दलित युवाहरूलाई बलात्कार, शरीर बन्दक, अपहरण जस्ता जघन्य अपराधमा फसाइएको छ । अन्तरजातीय प्रेम सम्बन्धकै कारण दलित युवाहरूका घरमा आगजनी गरिएको छ । कथित ब्राह्मणहरूको घर भन्दा माथि घर निर्माण गर्दा निर्माणाधिन घरहरू भत्काइएका छन, २०७५-१-१२ गते रुकुम सोतीमा अन्तर जातीय प्रेम सम्बन्धकै कारण दलित तथा गैरदलित नवराज विक लगायत ६ जनाको हत्या सामुहिक गरएको छ । भोज तथा विहेमा बाजा बजाउन जाने दलित समुदाय माथिको अपमान गरिएको छ । दलित जनप्रतिनिधिमाथि आक्रमण गरि हत्या गरिएका छन् भने जनप्रतिनिधि भनिनेहरूबाटै जातीय भेदभाव भई रहेका छन् ।

विद्यालय जस्तो सर्वोउत्कृष्ट स्थानमा समेत दलित समुदायका शिक्षकहरू माथि विभेद भइरहेका छन् । दलित विद्यार्थीहरू यौनजन्य शोषणको शिकार भइरहेका छन् । माथि उल्लेखित दलित समुदायबाट गरिएका संघर्ष र प्राप्त उपलब्धिहरूले वर्तमान अवस्थामा दलित समुदाय माथिको उत्पीडनको प्रतिकार आजको आवश्यकता हो जस्को नेतृत्वदायी भूमिका र हस्तक्षेप नेपाल कम्युनिष्ट पार्टी (बहुमत) र एकीकृत दलित मुक्ति मोर्चा नेपालको हुन आवश्यक छ । क्रान्तिकारी सर्वहारा वर्ग दलित समुदाय माथि हुने सम्पूर्ण विभेदको प्रतिकार वर्गसंघर्षकै माध्यमबाट गरिनुपर्छ ।

# डीपसीकको विस्फोटन !



● गुणराज लोहनी ●

२०, जनवरी २०२५ एआई च्याटबट लञ्च गर्‍यो । यसको नाम हो–डीपसीक च्याटबट आर–१ । डीपसीकको लञ्चले आर्टिफिसियल इन्टेलिजन्सका बारेमा बनाइएका कैयौं रहस्यहरू उजागर भएका छन् । यी यस्ता रहस्यहरू थिए–पहिलो कुरा एआई सजिलोसँग बन्दैन । दोस्रो, थोरै लगानीमा हुदैंन । तेस्रो, यसले धेरै उर्जा खपत गर्दछ । चौथो, यो सबैलाई निःशुल्क उलब्ध गराउन सकिदैन । पाँचौं, यसको निर्माणमा ठूलो दक्ष जनशक्ति चाहिन्छ । यी कुरालाई पुष्टि गर्दै ७ जुन २०२३ मा भारतमा भएको द इकोनोमिकले गरेको खुला बहसमा ओपेन एआईका कार्यकारी अधिकृत सामुअल अल्टम्यानले घमण्डका साथ भनेका थिए कि '–हामी यसका बारेमा कसरी सोच्न सक्दछौं, तपाईलाई थाहा छ, १०० मिलियनले प्रभावकारी एआई बनाउन सक्दछौं ? के हामी ठूला मोडेलसँग प्रतिस्पर्धा गर्न सक्दछौं ? हामीले बाहेक कसैले पनि एआई बनाउन सक्दैन । यदि ठूला कम्पनीसँग प्रतिस्पर्धा गर्ने कुरा हो भने फाउण्डेशनल मोडेल बनाउने कुरा असम्भव जस्तै हो ।

डीपसीकको सार्वजनिकी पश्चात अमेरिकाका राष्ट्रपति डोलान्ड ट्रमले २८ जनवरी २०२५का दिन सार्वजनिक सञ्चारमाध्यममा "चिनियाँ कम्पनीबाट डीपसीक एआईको सार्वजनिक विमोचन एक चेतावनीको घण्टि हुनुपर्दछ ।" भन्ने प्रतिक्रिया दिएका थिए । हुन पनि त्यस्तै भयो । डीपसीकको लञ्चले ओपेन एआईको चाट जीपीटी, मेटाको लामा, गुगलको जेमिनाई एडभान्स जस्ता एकलौटी बजार बनाएका एआईलाई एकै झड्कामा पछाडि पारिदिएको थियो । यसको सबैभन्दा अचम्म लाग्दो कुरा के हो भने यो सबैकालागि निःशुल्क प्रयोग प्राप्त छ । जबकी ओपेन एआई प्रो मोडेल प्रयोग गर्न प्रतिमहिना २०० डलर प्रतिमहिना शुल्क लिन्छ । यसैले गर्दा डीपसीक डाउन लोड गर्ने संख्या यति धेरै बढ्छ कि जसले गर्दा २७ जनवरी २०२५ पुग्दै गर्दा अमेरिकाको वित्तीय बजारमा हलचल मचिन्छ ।

डीपसीक आउनुभन्दा पहिला अमेरिकी एनभीडीयाको मूल्याक्न थियो ३.५ ट्रिलियन अमेरिकी डलर । तर एकैदिनमा त्यसको मूल्यांकन झरेर २.९ ट्रिलियन अमेरिकी डलर पुगेको थियो । यो कम्पनीले एआई र कम्प्युरमा बनाउन प्रयोग गर्ने चिप्स बनाउँदथ्यो । साथै यो कम्पनीको शेयर एकै दिनमा १७ प्रतिशतले ओरालो लागेको थियो ।

यतिमात्र नभएर डीपसीकलाई तालिम गर्ने मूल्य केवल ३.५८ मिलियन डलर मात्र खर्च लागेको छ । जबकि गुगलले १०० बिलियन डलर, ओपेन एआईले ३०० बिलियन खर्च गरेको थियो ।

***डीपसीक अघिका एआईका अवस्था***

द इकोनोमिक टाइम्सले ७ जुन २०२३ मा दिल्लीमा ओपेन एआईका कार्यकारी अधिकृत स्यामुअल अल्टम्यानसँग लामो कुराकानी गरेको थियो । वार्ताका क्रममा उनीसँग के भारतले एआई बनाउन सक्छ भन्ने प्रश्न सोधिएको थियो । उक्त प्रश्नको उत्तरमा उनले घमण्डका साथ भनेका थिए–हामी बाहेक कसैले बनाउ सक्दैन । तपाईहरू प्रयास गर्न सक्नु हुन्छ र मन पराउन सक्नु हुन्छ, जे भए पनि प्रयास गर्नु तपाईँको काम हो । तर यो पूर्णतय निराशाजनक कुरा हो ।'

हुन पनि किन नहोस् एउटा एआई प्रबन्ध गर्न मात्र २०० मेगावाट प्रतिघन्टा विजुली खर्च हुन्छ, बिलियन डलरभन्दा कम खर्च लाग्दैन र विश्वकै अतिदक्ष सयौं प्रविधिक, इञ्जिनियरहरूलाई काम लगाइन्छ भन्ने भाष्य बनाइएको थियो । डीपसीकको सार्वजनिकीकरण भएपछि यस्ता भ्रमपूर्ण भाष्य बदलिएका छन् ।

***कसरी तयार पारियो डीपसीक ?***

डीपसीकलाई तयार गर्दैगर्दा एउटा विस्तृत परियोजना पत्र तयार पारिएको थियो । उक्त पत्रको शुरुमा नै उपशिर्षकमा लेखिएको थियो जसको नेपालीकरण यस्तो हुन्छ,–दीर्घकालीन सोचसहित खुला स्रोत कृतिम बुद्धिमताको भाषाका नमूनाहरूको विस्तार ।

डीपसीकको परियोजना पत्रको सारमा जे लेखिएको छ त्यो नै त्यसको अवधारणा र प्राविधिक पक्ष हो । यसमा भनिएको छ कि खुला स्रोत लामा भाषा जसलाई प्राविधिक भाषामा ओपेन सोर्स लार्ज ल्याङ्ग्वेज मोडेल(एलएलएम) भनिन्छ, यसको तीब्र विकास साँच्चै नै उल्लेखनीय भएको छ । यद्यपी, अघिल्लो साहित्यमा वर्णन गरिएका स्केलिङ ल(जब कुनै मोडेलको आकार, प्रशिषण डाटा वा गणनात्मक स्रोतहरूको बृद्धिमा कसरी परिवर्तन भन्ने कुराको वर्णन हुन्छ ।) जसले एलएलएमहरूको स्केलिङ्ग माथि अँध्यारो बादल मडारिएको छ । हामी स्केलिङ लको अध्ययनमा गहिराइसम्म पुग्छौं र हाम्रो विशेष खोजहरू प्रस्तुत गर्छौं, जसले दुई व्यापक रूपमा प्रयोग हुने ७ बी र ६७ बी(एआई भाषमा दिलियन प्यारामिटर्स हुन्छ ।) ओपेन-सोर्स कन्फिगरेसन(कुनै प्रणाली, सफ्टवेयर, वा उपकरणहरूको सेटिङ, व्यवस्था,वा अनुकुल प्रक्रियालाई जनाउँछ ।) हरूमा ठूला मोडेलहरूको स्केलिङलाई सहज बनाउँछ । स्केलिङ ल द्वारा निर्देशित हुँदै, हामी म्भभउक्भभप ीः प्रस्तुत गर्छौं, जुन दीर्घकालीन दृष्टिकोणसहित खुला-स्रोत भाषा मोडेलहरूलाई अगाडि बढाउने परियोजना हो । पूर्व-प्रशिक्षण चरणलाई समर्थन गर्न हामीले हाल २ ट्रिलियन टोकन (ठूलो डेटा सेटको एक घटक, जसले शब्द, वर्ण वा वाक्यांशलाई प्रतिनिधित्व गर्न सक्छ ।)हरू समावेश गर्ने डेटासेट विकास गरेका छौं र यो निरन्तर विस्तार भइरहेको छ । हामी म्भभउक्भभप ीः आधार मोडेलहरूमा सुपरिवेक्षित फाइन-ट्युनिङ (कँत) र प्रत्यक्ष प्राथमिकता अनुकूलन (म्एइ) पनि सञ्चालन गर्छौं, जसले गर्दा म्भभउक्भभप च्याट मोडेलहरू सिर्जना हुन्छन् । हाम्रो मूल्याङ्कन नतिजाहरूले देखाउँछ कि म्भभउक्भभप ीः ६७द्य ले विशेष गरी कोड, गणित, र तर्कको क्षेत्रमा बेन्चमार्क (कुनै विशेष कार्य वा कार्यहरूको सेटमा विभिन्न एआई मोडेल वा प्रणालीहरूको कार्यसम्पादन मूल्याङ्कन र तुलना गर्न प्रयोग गरिने मानकीकृत परीक्षण वा डेटासेट ।) को दायरामा ीबःब-२७०द्य लाई उछिनेको छ । यसबाहेक, ओपेन–इन्डिट इभ्यालुएशन (धेरै वैध उत्तर अवस्थित प्रश्नको जवाफ दिन प्रेरित गरेर मोडेलको क्षमताको मूल्याङ्कन गर्दछ, जसमा साधारण शुद्धता मेट्रिक्सभन्दा बाहिर मूल्याङ्कन विधि आवश्यक पर्दछ ।) ले हाम्रो म्भभउक्भभप ीः ६७द्य च्याटले न्एत-३.५ को तुलनामा उत्कृष्ट प्रदर्शन प्रदर्शन गरेको देखाउँछ ।

प्राविधिक भाषा भएकाले माथिको उल्था सहज बन्न सकेको छैन । तै पनि यसले के देखाएको छ भने डीपसीकले यसअघिको सबैभन्दा चर्चित, महंगो र अतिउत्तम मानिएको च्याटबट आपेन एआई (जीपीडी मोडेल, ०१ र ०३ मोडेलहरू, डेएल ई ३ )लाई धेरै कुरामा पछाडि पारिदिएको छ ।

डीपसीक बनाउने परियोजनाका प्रमुख ४० वर्षका चिनीयाँ उद्यमी लियाङ वेनफेङ हुन् । २०१५ मा वेनफेङले हाइ फ्लायर नामको एउटा हेज (यो कृत्रिम बुद्धिमत्ता (ब्क्) प्रविधिको प्रयोग गरी जोखिम न्यूनीकरण गर्न र पूँजी संरक्षण गर्न सम्बन्धित छ, जसमा सम्भावित कमजोरीहरू पहिचान गरिन्छ र वास्तविक समयमा बजार प्रवृत्तिहरूको आधारमा व्यापारिक निर्णयहरू सक्रिय रूपमा समायोजन गरिन्छ ।) बनाएका थिए । २०१९ मा यिनले हाइ फ्लायर एआई बनाएका थिए र आर्टिफिसिएल इन्टेलिजेन्सको एल्गोरिदमका बारेमा अनुसन्धान गरेका थिए । २०२३ मा उनले डीपसीक बनाउनका लागि कोष खडा गरेका थिए । डीपसीक बनाउन उनले कुनै विशेषज्ञलाई लिएका थिएनन् बरु विश्वविद्यालयमा टोपोलोजी/ तथ्यांकशास्त्री/ अपरेशन रिसर्च/ साइबरनेटिक्समा विद्यावारधी गरिराखेका विद्यार्थीलाई लिएका थिए । यो एआई बनाउन उनले सबैभन्दा अप्ठ्यारा प्रश्नका उत्तर खोज्न समय बिताए र केवल २ वर्षमा उनले यो एआई तयार पारेका थिए । त्यसमा केही मिलियन डलर मात्र खर्च भएको थियो । यसलाई बनाउन केवल २ सय जना सहभागि थिए र ती मध्ये ९५ प्रतिशतको उमेर ३० वर्षभन्दा कम थियो ।

***डीपसीक किन चर्चामा ?***

स्यामुल *बाँकी ६ पेजमा*

# नेपालमा जेनजी–जेनवाईको जनविद्रोह र नयाँ युगको आवश्यकता



● रवि पाण्डेय ●

नेपाल आज एक ऐतिहासिक मोडमा उभिएको छ। लामो समयदेखि देशमा दलाल संसदीय व्यवस्था, भ्रष्टाचार र राष्ट्रघाती सम्झौताहरूको भारीमा आम जनताले श्वास फेर्न नसक्ने अवस्था सिर्जना भएको छ। पछिल्लो समय लिम्पियाधुरा लिपुलेक र कालापानी माथि इण्डिया र चाइनाले गरेको हस्तक्षेप दलाल संसदीय ब्यवस्थाकै उपज हो। नेपालमा केवल राजनीतिक संकटमा होइन, अस्तित्वगत संकटको दोभानमा उभिएको छ। दशकौँदेखि दलाल संसदीय व्यवस्था, व्यापक भ्रष्टाचार, राष्ट्रघाती सम्झौताहरू र विदेशी शक्तिको हस्तक्षेपका कारण नेपाली जनता अपमानित र पीडित हुँदै आएका छन्। गरिब किसानदेखि मजदुर, विद्यार्थी, बेरोजगार युवासम्मको जीवन दुःख र अन्यायको चक्रमा कैद छ। राज्यशक्तिमा टेकेका दलालहरूले दोहोरो-तेहेरो कर थोपरेका छन्, रेमिटान्समा भरिएको अर्थतन्त्रलाई उपलब्धि ठानेका छन् र जनता माथि असमानता, अभाव र शोषणको पहाड थोपरेका छन्। राष्ट्रियताको सवालमा अझ गम्भीर घेरा कस्याइएको छ। लिम्पियाधुरा, लिपुलेक र कालापानीमाथि भारतीय विस्तारवाद र चिनियाँ मौन सहमतिको खेल नेपाली जनताको घाउमा नुन छर्किने कार्य हो। यो केवल छिमेकीहरूको हस्तक्षेप मात्र होइन, दलाल संसदीय परनिर्भरता र विदेशी हस्तक्षेप बढ्दै जाँदा आम जनताको निराशा घनिभूत भएको छ। तर निराशा आफैंमा अन्तिम अवस्था होइन–यही निराशाबाट विद्रोह जन्मिन्छ। यसै अवस्थालाई चिर्न क्रान्तिकारी



व्यवस्थाकै चरम विफलता र राष्ट्रघाती प्रवृत्तिको प्रतिफल हो। यसले फेरि पुष्टि गरिदिएको छ कि नेपालमा विद्यमान संरचना कुनै पनि हालतमा जनताको हितमा छैन।

राजनीतिक अस्थिरता, आर्थिक कम्युनिष्ट पार्टी नेपाल (क्राकपा नेपाल) ले भ्रष्टाचारविरोधी अभियान थाल्यो, जसको थालनी २०८२ असार ५ गतेबाट गरिएको थियो। यो अभियानले घुसखोर, कमिसनखोर र ठेकेदार दलालहरूको पोल खोल्नु मात्र होइन, पूरै संसदीय संरचना नै जनविरोधी र प्रतिक्रियावादी छ भन्ने तथ्य उजागर गऱ्यो। यसले जनतालाई स्पष्ट सन्देश दियो– समस्या केही अनुहारमा होइन, समग्र व्यवस्थामै छ।

नेपाल आज जुन संकटको सामना गरिरहेको छ, त्यो सामान्य आर्थिक वा सामाजिक मात्र होइन, आधारभूत राजनीतिक संकट हो। इतिहास साक्षी छ– जब राज्यभित्र राजनीतिक गतिरोध गहिरिन्छ, तब विदेशी हस्तक्षेप अनिवार्य रूपमा बढ्छ। आज पनि त्यही क्रम दोहोरिँदै छ। यसैले, समाधान संसदीय पुनःसंरचनामा होइन, यसको पूर्ण अन्त्यमा छ।

अबको अपरिहार्य विकल्प भनेको संघीय जनगणतन्त्रको स्थापना हो। नयाँ जनवादको कार्यभार पूरा गर्नु हो। नयाँ जनवादको खुड्किलो पार गर्दै बैज्ञानिक समाजवादमा नेपाली समाजलाई प्रबेश नगराई यो बिकराल स्थितिबाट जनतालाई मुक्त गर्न सकिदैन। संघीय जनगणतन्त्र केवल राजनीतिक नारा होइन, यो आम जनताको जीवनसँग प्रत्यक्ष जोडिएको व्यवस्था हो। यसले गास, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारको सुनिश्चिततासहित नेपाली जनतालाई वैज्ञानिक समाजवादतर्फको ऐतिहासिक प्रवेशमार्गमा डोर्याउनेछ। युवापुस्ताले यस यथार्थलाई प्रष्टसँग बुझेका छन्। जेनजी र जेनवाई पुस्ताका करिब करिब उस्तै उस्तै भावना छन्। आज विद्रोहको अग्रपंक्तिमा यो उमेर समुहका युवाहरू देखिन्छन्। उनीहरूले बुझिसकेका छन् – संसदीय ढाँचाभित्र बसेर सुधार सम्भव छैन। केही अनुहार बदल्दा पनि जनताको पीडा हट्दैन। नयाँ पुस्ताले दलाल पुस्ताले बनाएको खेललाई अस्वीकार गर्दै जनसंघर्ष, जनप्रतिरोध संघर्ष र अन्ततः जनविद्रोह को बाटो रोज्नु आवश्यक छ। नत्र बंगलादेश र श्रीलंकामा जस्तै 'नयाँ बोत्तलमा पुरानै रक्सी' जस्तो हुनेछ। पुरानो पुस्तामा पनि सिद्धान्तनिष्ट तथा दलालीकरणमा नलागेका राजनीतिज्ञ र ब्यक्तिहरू छन्।

यो बाटो कठिन छ, संर्घष कठिन कार्य हो तर यो अपरिहार्य छ। अबको प्रमुख जिम्मेवारी भनेको जनता र युवालाई संगठित बनाउनु, संघर्षलाई व्यापक बनाउनु र विद्रोही उर्जालाई सही दिशामा प्रयोग गर्नु हो। जब जनसंघर्ष, जनप्रतिरोध र जनविद्रोह एकीकृत भएर अगाडि बढ्छ, तब मात्र नेपाली जनताले आफ्नै भविष्य आफैंले लेख्नेछन्। नेपालको माटो, पानी र आकाश फेरि एकपटक विद्रोही कदमहरूको प्रतिक्षामा छन्। दलाल संसदीय व्यवस्थाको अन्त्य गरेर, संघीय जनगणतन्त्रको स्थापना गर्दै, वैज्ञानिक समाजवादतर्फको ऐतिहासिक यात्रा आरम्भ गर्नु आजको पुस्ताको ऐतिहासिक दायित्व हो। यही बाटोमा जेनजी-जेनवाई पुस्ताको विद्रोही झण्डा फहराउनेछ, यही बाटोमा नयाँ नेपाल उदाउनेछ। यही नै शहादत्त प्राप्त युवाहरूको लागि सच्चा श्रद्धान्जली हुनेछ।

# देश गम्भीर भूराजनीतिक चलखेलको भुमरीमा

**देशलाई सीमाहीन लुटको मैदान बनाएका दलीय लुटेराहरुलाई सख्त कारबाहीको दायरामा ल्याउँदै न्यायिक कठघरामा उभ्याउन जरूरी छ। साथै देशलाई यो चरम विखण्डनमा पुर्याउने मुख्य भ्रष्टहरुलाई दलीय नेतृत्वबाट बर्खास्त गर्दै बेदाग व्यक्तिहरुले नेतृत्व हातमा लिन ढिलो गर्नु यो प्रतिक्रान्तिकारी वैदेशिक योजनाको गोटी बन्नु हुनेछ**

● यादव देवकोटा ●

देश गम्भीर भुराजनीतिक चलखेलको भुमरीमा फसेको छ। बेलैमा बाह्य षडयन्त्रको गम्भीर गुरुयोजना बुझ्न नसक्दा हामी पनि यसको गोटी बन्न पुगेका छौं।

जेन जीले आव्हान गरेको आन्दोलनमा बर्बर, निर्शंस र पासविक हमला गरेर नरसंहार मच्चाउँदै खड्गप्रसाद ओली नेतृत्वको एमाले-कांग्रेसको सरकारले देशलाई रक्तकुण्डमा बदलिदियो । देशका अनमोल रत्नहरूको रगतको अभिषेक लिएर देशी विदेशी षड्यन्त्रकारी र प्रतिक्रियावादी तत्वले वलिदानको सौर्यसमेत पार्श्वमा धकेल्ने गरि देशका धरोहरहरूमाथि आगो झोसियो।

नारायणहिटी राजदरबारमा देशका लोकप्रिय राजा, सेनाका परमाधिपति वीरेन्द्रको सपरिवारको कत्लेआममा देखाएकै शैलीको लाचारी र ढाड फर्काउने काम सैनिक नेतृत्वले वर्तमान परमाधिपति निवास, सिंहदरबार, सर्वोच्च अदालतजस्ता राष्ट्रिय धरोहरहरू खरानी बन्दा पनि दोहोर्याएको छ। यसले राजदरबार हत्याकाण्ड र देश जलाएर खरानी बनाउने वर्तमान बितण्डाको प्रायोजक एउटै रहेको र गोटीहरूको ठेगाना पनि एकैतिर रहेको गम्भीर संकेत र आशंका उब्जाएको छ।

देशलाई बंगलादेश बनाउने, सोमालिया बनाउने धम्की परिचालित विदेशी भाडाका टट्टुहरूले खुलेआम लामो समयदेखि दिइरहेका थिए। अर्कोतिर नेपाली जेलेन्स्कीको अवतार निर्वाह गर्न अघि सारिएको परिचालित तत्वद्वारा राष्ट्रिय सम्पत्तिमा खुलेआम आगो लगाउने धम्की दिँदै मानिसको दिमागमा सिंहदरबार जलाउनुपर्छ भन्ने भाष्यको आगो सल्काउने र फैलाउने काम पनि निरन्तर जारी थियो। अर्कोतिर मौका परस्त अवसरवादी तत्त्वहरूले निरन्तर देशका संस्थाहरू उपर संगठित रूपमा घृणाको बिष बिस्तार गर्ने काम गरिरहेका थिए। हामीले बेलैमा त्यसलाई प्रतिवाद गर्न सकेनौं र बदलामा खरानीको हकदार बनेका छौं।

एकातिर देश जलाएर खरानी बनाइएको छ। ट्रष्टका विद्यालय, सुरक्षा निकायका कार्यलय, नागरिकले सेवा लिने वडा कार्यालय, भन्सार, निजी व्यवसाय, अदालत, संसद भवन, राष्ट्रपति भवन, सिंहदरबारजस्ता ऐतिहासिक धरोहर खाग बनाइएको छ । बलिदानको सौर्यको चरम मजाक उडाइएको छ।

जनताको लामो त्याग, बलिदान र सौर्यको मोलमा स्थापित लोकतान्त्रिक संस्थाहरू फौजी बुटको परेडमुनि पिल्सिन पुगेका छन्। जंगी मुख्यालय नागरिक सरकारको दरखास्त आव्हान गरेर बसेको छ। नागरिकको सर्वोच्च संस्था र संविधानका संरक्षक राष्ट्रपतिलाई राजीनमाको लागि फौजी दवाव दिइएको खबरहरू आउनु गौरवशाली राष्ट्रिय सेनाको गौरवमय इतिहासको छातीमा कालो पोत्ने अवसरवादी र वैदेशिक गोटीहरूको घृणित दुस्साहसको प्रकटीकरण हो ।

देशको राष्ट्रिय गौरव र भरोसा सैनिक संस्था कसैको गोजीको खेलौना होइन । नेपाली जनताको धरोहर हो। यसलाई विवादित र असफल तुल्याउँदै वाह्य स्वार्थको परेड खेलाउने गुरुयोजनाको हिस्साको रूपमा भद्रकालीमा कलाविहीन नाङ्गो नाटक मन्चन गरिएको छ। दूर्भाग्यपूर्ण घटनाको पटाक्षेपमा नेपाली परिचय भएको सैनिक नेतृत्वको अनुहार अघि देखिएपनि यसको निर्देशक मुलुकबाहिर छ भन्न डराउनुपर्ने कारण छैन। तसर्थ, यसको प्रष्ट र दृढतापूर्वक प्रतिवाद गर्नु सार्वभौम नेपाली जनताको प्राथमिक कर्तव्य बन्न आएको छ।


देशलाई अकल्पनीय संवैधानिक रिक्ततामा लाने र विदेशी मनसुवा पुरा गर्न परिचालित गोटीहरूलाई निर्शंस हत्या गरिएका देशका अनमोल रत्नहरूको रगतको अभिषेक लिएर टीका लगाउँदै बुख्याँचा सत्ताको बरमाला पहिराउने नाटकको रिहर्सल चलिरहेको छ। यो प्रतिक्रान्तिकारी वैदेशिक योजनाबद्धता तोड्न तत्काल राष्ट्रपति कार्यालय सक्रिय हुन जरुरी छ। फौजी गोजीबाट सत्ताको टीका लगाउने जंगी अड्डाको भद्दा परेड बन्द गर्दै राष्ट्रपतिले तत्काल संवैधानिक सक्रियताको पहलकदमी लिन जरुरी छ।

देशलाई सीमाहीन लुटको मैदान बनाएका दलीय लुटेराहरूलाई सख्त कारबाहीको दायरामा ल्याउँदै न्यायिक कठघरामा उभ्याउन जरुरी छ। साथै देशलाई यो चरम विखण्डनमा पुर्याउने मुख्य भ्रष्टहरूलाई दलीय नेतृत्वबाट बर्खास्त गर्दै बेदाग व्यक्तिहरूले नेतृत्व हातमा लिन ढिलो गर्नु यो प्रतिक्रान्तिकारी वैदेशिक योजनाको गोटी बन्नु हुनेछ। तमाम धाक धम्की, हमला, अपमानलाई पचाउँदै जनताको बलिदानका प्राप्त लोकतान्त्रिक आधारहरू जोगाउन एकतावद्ध संघर्षको उद्घोष गर्न अग्रसर हुनु जरुरी छ।

अन्त्यमा, अपारदर्शी छलछाम, षड्यन्त्र र मनसुवालाई थन्काएर नेपाली समाजको लोकतान्त्रिक धमनीहरूको रक्षाको लागि नेपाली समाजको प्रयासलाई तमाम अन्तर्राष्ट्रिय समुदायले खुला र स्वच्छ भावकासाथ मदत र सहयोग गर्न हार्दिक अपिल गर्न चाहन्छु।

# क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल निकट जनवर्गीय संगठनहरूको संयुक्त प्रेस वक्तव्य

काठमाडौं। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल निकट जनवर्गीय संगठनहरूले भाद्र २३ र २४ को जेन्जी आन्दोलन , ओली नेतृत्वमा रहेको काँग्रस - एमाले गठबन्धन सरकारको विघटन र त्यस पछि सेनाको नियन्त्रणमा सत्ता पुगेको वर्तमान राजनीतिक अवस्था बारे धारणा स्पष्ट गर्न संयुक्त प्रेस वक्तव्य जारी गरेका छन्। संयुक्त प्रेस वक्तव्यमा सीताराम तामाङ, (अध्यक्ष, क्रान्तिकारी किसान महासङ्घ, नेपाल, केन्द्रीय समिति),पवनमान श्रेष्ठ, (अध्यक्ष, नेपाल आदिवासी जनजाति महासंघ),ईश्वर तिमिल्सिना (संयोजक, क्रान्तिकारी ट्रेड युनियन महासङ्घ, नेपाल, रा.स.आयोजक समिति),भीम चापागाईं, (संयोजक, क्रान्तिकारी सुकुम्वासी सङ्घ, नेपाल, रा.स.आयोजकसमिति),टेकबहादुर विक, (संयोजक, क्रान्तिकारी दलित मुक्ति मोर्चा, नेपाल, रा.स.आयोजक समिति) र महेश श्रेष्ठ(संयोजक,अखिल(क्रान्तिकारी), रा.स.आयोजक समिति) ले हस्ताक्षर गर्नु भएको छ। २०८२ भदौ २७ गते जारी प्रेस वक्तव्यको पूर्ण पाठ यस प्रपार छ -




"क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल निकट जनवर्गीय संगठनहरूका प्रतिनिधिहरूले देशमा विद्यमान भ्रष्टाचार र

कुशासन अन्त्य गर्नका लागि संघर्ष गर्दै आएको जगजाहेर छ। तर सरकारको जनविरोधी कृयाकलापले सीमा नाघ्दै

गएको अवस्थामा सामाजिक संजालमाथि लगाईएको प्रतिवन्ध फुकाइयोस भन्ने सामान्य माग लिएर सडकमा ओर्लिएका

जेन-जी पुस्तामाथि सरकारले बर्बर आक्रमण गरेर २४ गते भाद्रमा १९ जनाकोज्यान लियो र चारसय भन्दा बढीलाई

घाइते तुल्यायो र त्यसपछि घटेका घटनाहरूले हाम्रो गम्भीर ध्यान आकृष्ट भएको छ।

१) जेन-जी आन्दोलनले ओली-देउवाको राष्ट्रघाति र जनविरोधी सरकारको पत्तासाफ गरेको छ। त्यसलाई हामीले

सकारत्मक रूपमा लिएका छौं। तर सरकारको बर्बर आक्रमणमा परी आन्दोलनमा सहादत प्राप्त गर्ने नौजवान युवाहरू

प्रति श्रद्धाञ्जली अर्पण गर्दछौं र घाइतेहरूको सुस्वास्थ्यको कामना गर्दछौं।

२) भदौ २४ गते आन्दोलनले अर्कै रूप लियो। सिंहदरवार, सर्वोच्च अदालत जस्ता सरकारी संरचना र त्यहाँ रहेका

महत्वपुर्ण दस्तावेजहरू जलाउदा देशका सेना रमिते बनेको देखियो। जेन-जी आन्दोलनमा देशी, विदेशी प्रतिकृयावादी

शक्तिहरू घुसपैठ भए। संसदवादका भ्रष्टचारी नेताहरू सेनाको शरणमा परेको छ। सेनाले शान्ति-सुरक्षाको जिम्मा मात्र लिइको छैन, नयाँ सरकार बनाउने खेल पनि सुरु गरेको छ। यसरी हेर्दा जेन-जीको अग्रगामी एजेन्डाको आन्दोलन पश्चगामी षडयन्त्रको सिकार हुन पुगेको देखिन्छ।

३) यो परिघटनाले मुलुकलाई प्रतिगमनतिर धकेलेको छ। जनताले सङ्घर्ष गरी प्राप्त गरेको सीमित लोकतान्त्रिक अधिकार विरुद्ध प्रतिक्रान्ति भएको छ। खास गरी जनयुद्ध र २०६२/०६३ को जनआन्दोलनबाट प्राप्त भएका गणतन्त्रसहितको नागरिक सर्वोच्चता अपहरण भएको वर्तमान राजनीतिक स्थितिमा अग्रगामी निकासको खाँचोछ। त्यो अग्रगामी निकास भनेको नयाँ जनवादी क्रान्तिको खुँड्किलोपार गर्दै वैज्ञानिक समाजवादको दिशामा मुलुकलाई अघि बढाउनुहो। यो महान्अभियानमा सम्पूर्ण देशभक्त, जनवादी क्रान्तिकारी जनसमुदायलाई साथ र सहयोग दिन हार्दिक अपिलगर्दछौं।

# प्रगतिशील सांस्कृतिक आन्दोलन समाज परिवर्तनको आन्दोलन हो

**प्रगतिशील र जनपक्षीय सांस्कृतिक आन्दोलन केवल गीत, संगीत, कला र साहित्यमा सीमित छैन। यो एउटा समाज परिवर्तनको आन्दोलन पनि हो। समाजमा बजारमुखी संस्कृति, विकृति र विसंगति बढिरहेको छ। सस्तो लोकप्रियताको होडबाजी नै चलिरहेको छ उपभोक्तावादी संस्कृति मौलाइरहेको छ।**



**❑ असल पाखिन, अध्यक्ष- सामना परिवार**

***भदौ २० गते रक्तिम सामना वृहत जनसांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ। त्यस कार्यक्रमको जिम्मेवार कलाकार र नेतृत्व समेत भएको नाताले त्यस कार्यक्रमको मूल्याङ्कन कसरी गर्नुहुन्छ ?***

सांस्कृतिक कार्यक्रम भन्ने वित्तिकै लामो र व्यवस्थित ढङ्गले तयारी गर्नुपर्ने हुन्छ। यसको लागि दक्ष जनशाक्तिको पनि उत्तिकै आश्यकता हुन्छ तर हामीले यस कार्यक्रमलाई विभिन्न समस्या र जटिलताको बीचबाट हप्ता दशदिन लगाएर तयार गरी सम्पन्न पनि गरियो। यसलाई राजनीतिक, वैचारिक, सांस्कृतिक र आर्थिक सबै कोणबाट गहन ढङ्गले मूल्याङ्कन गरिनुपर्छ जस्तो लाग्छ। हामी छिट्टै नै समिक्षा बैठक बस्दैछौं र गहनपूर्वक मूल्याङ्कन हुनेछ। जे होस् कार्यक्रम सानदारपूर्वक सम्पन्न भएको छ। यसले राजनीनिक रूपमा हस्ताक्षेपकारी भूमिका निर्वाह गरेको छ भन्ने मलाई लाग्छ। पार्टीले लिएको लाइन र विचारलाई जनताको बीचमा पुनः गीत, संगीत र अभिनय मार्फत जागरण पैदा गराएकाछौं। पार्टी एकतापछि रक्तिम र सामना परिवारको संयुक्त प्रस्तुतिले एकखालको कलाकारहरूमा खुशी हुनुका साथै सकरात्मक तरङ्ग पैदा भएको छ। हामी कलाकारहरूमा पनि भावनात्मक एकता जागृत र उत्साह ल्याएको छ। लामो समयसम्म यस्तो कार्यक्रम नहुँदा मानिसहरूमा रक्तिम र सामना परिवारले केही गर्न सकिदैन भन्ने एकखालको भ्रम सृजनाहुन खोजिरहेको थियो। त्यसलाई हामीले चिरफार गरेका छौं भन्ने लाग्छ।

***भदौ २० जस्तै कार्यक्रम देशको अन्य भागमा सञ्चालन गर्नेबारे पनि सोच्नुभएको छ कि ?***

ठ्याक्कै देशको अन्य भागमा अभियानकै रूपमा लैजाने भन्ने मिति त तयार भएको छैन। तर पनि यस विषयमा पार्टीको सम्बन्धित निकायमा कार्यक्रम के कसरी लैजाने र कुन रूपमा अगाडि बढाउने भन्ने कुरा पार्टी, जनसांस्कृतिक महासङ्घ र कलाकार बीचमा छलफल गर्नेछौं। यसलाई सेलाउन दिन हुदैन। निरन्तर अभियानकै रूपमा सम्भावित ठाउँहरूमा लैजानुपर्ने आवश्यकता ठान्दछु।

***अखिल नेपाल जनसांस्कृतिक महासङ्घ मातहतमा रक्तिम परिवार र सामना परिवार रहेको छ भन्ने सुनिन्छ। कतिपयले रक्तिम र सामनाको अझै पनि एकता किन नभएको होला भन्ने पनि सुनिन्छ। माथि उल्लेखित संगठन संस्थाहरु बीचको सम्बन्ध के हो ?***

हो, पार्टी एकतापछि पनि आ-आफ्नो पुरानो अवस्थामा नै यथावत रहेको भनेको सांस्कृतिक परिवार अथवा कलाकार मात्र हो। अन्य जबस मोर्चाहरू पार्टी एकतापछि मर्ज भइसकेको छ। तर हामी भएनौं भएको भए राम्रो नै हुन्थ्यो। यसको बारे के कसरी गर्न सकिन्छ भन्ने विषयमा हामी पटक-पटक छलफल बहस त भएकै हो तर यसलाई टुंग्याउन सकिएको छैन। किनभने रक्तिम र सामना परिवार भनेको नेपालको प्रगतिशील सांस्कृतिक आन्दोलनमा लामो इतिहास बोकेको दुई सांस्कृतिक मोर्चाहरू हुन्। यसको आफ्नै छुट्टा छुट्टै महत्व र इतिहास छ। यस विषयलाई पार्टी नेतृत्वसँग र हामी कलाकारहरूबीच गहन ढंगले छलफल गरी छिटै नै टुंग्याउनु पर्छ जस्तो मलाई लाग्छ। जहाँसम्म सम्बन्धको सवाल हो। लामो प्रक्रिया र छलफल बहसद्वारा पार्टी नै एकता भएपछि त्यस पार्टी मातहतको सांस्कृतिक मोर्चाहरू राजनीतिक, वैचारिक र पार्टीले लिने कार्यदिशा लगायतको विषयमा समान धारणा नै हुने कुरा भइहाल्यो। त्यसैले हाम्रो सम्बन्ध भनेको कम्युनिष्ट पार्टीको सदस्यमा हुनुपर्ने कमरेडली सम्बन्ध नै छ।

***सबैभन्दा पहिले सांस्कृतिक आन्दोलन वा सांस्कृतिक संगठनमा कहिले, कसरी आवद्ध हुनुभयो ?***

पूर्णकालीन भएपछि केही समय विद्यार्थी संगठनमा रही काम गरे। २०५८ सालतिरको कुरा हो जनयुद्ध एकपछि अर्को गर्दै तीव्र गतिमा अघि बढिरहेको थियो। आन्दोलनको आवश्यकताले गर्दा म सँगै पूर्णकालीन भएका केही साथीहरू सैन्य फर्मेसनतिर जिम्मेवारी लिएर जानुभयो। म नि जान्छु भने तर मलाई चाहिँ पार्टीले पठाएनन् किनभने सेनाको फर्मेसनमा जानुभन्दा कलाकारमा ठिक हुन्छ। नाच्न सुहाउने खालको शरीर पनि छ भनेपछि मलाई पार्टीले कलाकार तिरको जिम्मेवारी दिएको थियो। त्यसपछि म निरन्तर सांस्कृतिक संगठनमा नै छु।

***तपाई काभ्रेमा जन्मनुभयो र त्यहीको राजनीतिक वातावरणमा हुर्कनुभएको व्यक्ति हुनुहुन्छ। अनेकोटका सांस्कृतिक सहिदहरुको बारेमा तपाईलाई के जानकारी छ ?***

उहाँहरूसँग भौतिक रूपमा भेटघाट र सहकार्य गर्न त पाएन तर पनि तत्कालीन फाँसीवादी राज्य सत्ताले २०५५ साल चैत्र ५ गते काभ्रेपलाञ्चोक जिल्लाको अनेकोटमा ७ जना सांस्कृतिककर्मीहरू जसले गीत, संगीत र अभिनय मार्फत जनचेतना जगाँउने काम गर्दथे। त्यस निर्दोष कलाकारको हातमा मादल, गितार र हार्मोनियम बाहेक केही थिएनन्। उहाँहरू कार्यक्रमका लागि अनेकोट पुग्नुभएको थियो। जहाँ त्यो कुरा पुलिसले थाहा पाएपछि सेल्टर लिइरहेको घर घेराहाली जिउँदै आगो लगाई जलाइदियो। यो इतिहासकै कालो दिन हो।

यस घटनाले तत्कालीन राज्यको वास्तविक स्वरूप उजागर गरेको छ। यो राज्य सत्ता गीत, संगीत र अभिनय मार्फत समाज परिवर्तनका आवाज बुलन्द गर्ने सांस्कृतिककर्मी देखेर कति डराउँदा रहेछन् भन्ने कुरा त स्पष्ट नै छ। यस घटनामा सहादत प्राप्त गर्नुहुने च्याङ्बा लामा, निर्मला देवकोटा, सुभद्र सापकोटा, चिनीमाया लामा, गुम्बासिं तामाङ, डम्बर श्रेष्ठ र मञ्जु कुँवर लगायत आन्दोलनको क्रममा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण सांस्कृतिक सहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरूले देखाउनुभएको बाटोलाई पच्छाइरहेको छु र रहिरहने छौं।

***नेपालको वर्तमान प्रगतिशील तथा जनवादी सांस्कृतिक आन्दोलनको अवस्था के छ ?***

यो एकदमै महत्वपूर्ण प्रश्न हो। नेपालको प्रगतिशील र जनवादी सांस्कृतिक आन्दोलनमा कम्युनिष्ट पार्टीहरू बीचको टुटफुट र विभाजनले गहिरो गरी प्रभाव पारेको छ। जसको कारणले कतिपय आफूलाई प्रगतिशील जनवादी सांस्कृतिककर्मी ठान्ने साथीहरू जानी वा नजानी संशोधनवादी र नवसंशोधनवादी कित्ताको सेवा गर्न पुगेका छन भने कति निराशा भएर आन्दोलनबाट टाढा रहेको देखिन्छ। जसको कारणले वर्तमान अवस्थामा अलि कमजोर नै देखिन्छ। सांस्कृतिक कर्मीहरू पनि कहिँ न कहिँ पार्टीको पछि लाग्नुपर्ने, त्यसलाई गहिरो ढंगले अध्ययन नगरिकन विभिन्न धारामा विभाजित भएकाछौं। यसले गर्दा सांस्कृतिक आन्दोलनलाई जुन गतिमा अगाडि बढाउनुपर्ने हो त्यो हुन सकिरहेको छैन।

***प्रगतिशील सांस्कृतिक आन्दोलनलाई अगाडि बढाउन के गर्नुपर्ने ठान्नुहुन्छ ?***

मूलतः नेपालमा कम्युनिष्ट आन्दोलन र विकासमा प्रगतिशील तथा जनवादी सांस्कृतिक आन्दोलनको भूमिका, इतिहास र यसले पारेको प्रभाव निकै गहिरो र महत्त्वपूर्ण छ भन्ने कुरा माथि चर्चा गरिसकेको छु। आफूलाई साँच्चै प्रगतिशील सांस्कृतिककर्मीहरू र सर्वहारा वर्गको कित्तामा आफूलाई उभ्याउने हो भने पहिलो कुरा वैचारिक स्पष्टता हुन जरुरी छ। हामी जो जहाँ रहेपनि बृहत खालको छलफल, बहस र अन्तरक्रियाद्धारा आधारभूत रूपमा साझा सहमति हुने विषयलाई लिएर अगाडि बढ्नुपर्छ। राजनीतिक वैचारिक रूपमा मिल्नेहरूसँग एकता भई अन्यसँग साझा मुद्दालाई लिएर सहकार्य गर्नुपर्ने र मुद्दा मिल्नेहरूसंग संयुक्तरूपमा वृहत सांस्कृतिक कार्यक्रम र संयुक्त मोर्चाको आवश्यकता ठान्दछु।

***प्रगतिशील सांस्कृतिक आन्दोलनमा आउँन चाहने नयाँ पुस्ताका साथीहरुलाई के सल्लाहा दिनुहुन्छ ?***

प्रगतिशील र जनपक्षीय सांस्कृतिक आन्दोलन केवल गीत, संगीत, कला र साहित्यमा सीमित छैन। यो एउटा समाज परिवर्तनको आन्दोलन पनि हो। समाजमा बजारमुखी संस्कृति, विकृति र विसंगति बढिरहेको छ। सस्तो लोकप्रियताको होडबाजी नै चलिरहेको छ उपभोक्तावादी संस्कृति मौलाइरहेको छ। सामाजिक सञ्जाल दुरूपयोग गरी भाइरल हुने नाममा उद्देश्यहीन, अश्लिल, नैतिकहीन र तुच्छ खालको सामग्री पोस्ट्याउने प्रवृत्ति दिनानुदिन बढिरहेको छ। अबको नयाँ पुस्ताले यी सबै खालको विकृति विसंगतिका विरुद्ध लड्दै समाजको रूपान्तरणका लागि र जनपक्षीय संस्कृति निर्माणमा लाग्नु आह्वान गर्न चाहन्छु।

***सांस्कृतिक क्षेत्रमा तपाईको कार्यक्षेत्र वा विधा के हो ?***

मेरो मुख्य विधा भनेको नृत्य नै हो। आवश्यकता अनुसार वाद्यवादन र नाटक अभिनय पनि गर्छु।

***यहाँको श्रृजना केही छ कि ?***

सुरुसुरुमा आन्दोलनको आवश्यकताले त्यो बेलामा सिर्जना गर्ने मान्छे कम हुने हुन्थ्यो। त्यसबेला अलिअलि गीत र हाइकु लेख्ने कोसिस गर्थे तर निरन्तरता पाउन सकिएन सबै ध्यान नृत्य विधामा नै केन्द्रित भइयो। छुट्टै मेरो आफ्नो सिर्जना केही छैन।

***भाद्र २३ र २४ गतेको हिंसात्मक घटनाबारे के भन्नुहुन्छ ?***

विद्यार्थीहरूमाथि गोली चलाउनु उनीहरूको हत्या गर्नु दुःखद हो, निन्दनीय हो। देशको महत्वपूर्ण संरचनाहरू जलाइनु पनि अत्यन्त गलत भएको छ। देशमा तरलताको स्थिति आएको छ। जनताका अधिकार गुम्न सक्छ। देशको राष्ट्रिय स्वाधीनता माथि आघात हुन सक्छ। जनता सतर्क बन्नु जरुरी छ।

***अन्त्यमा केही छ कि?***

यस साप्ताहिकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

## डीपसीकको...

अल्टम्यानको कम्पनी ओपेन एआई बनाउँदा कम्तिमा पनि ३ हजार ५ सय दक्ष जनशक्तिलाई काममा लगाइएको थियो। जब कि डीपसीक बनाउँदा केवल २ जनालाई मात्र काम लगाइएको थियो। यो चेन थट ओपेन मोडेल हो जसरी ओपेन एआई थियो। ओपेन एआई जस्तै डीपसीक पनि एडभान्स रिजनिङ मोडेल हो जसले कुनै पनि प्रश्नको जवाफ दिनु भन्दा पहिला मान्छेको जस्तै सोच्दछ। डीपसीकले जवाफ दिनुभन्दा अघि के के सोच्यो भन्ने कुरा पनि देखाउँदछ। यो ओपेन सोर्स सफ्टवेयर हो। यसको कोड सार्वजनिकरूपमा नै उपलब्ध छ। यसको कोड नै डाउनलोड गर्न सकिन्छ। यहाँसम्म कि यसको कोड आफ्नो तरिकाले बदल्न सकिन्छ। परिमार्जन पनि गर्न सकिन्छ। माइक्रोसफ्टले २९ र जनवरी ३० मा अमेरिकी कम्पनी परपेक्सिलिटी एआईले एकीकृत गरेको समाचार पीसी एमजीले ३० जनवरीमा बनाएको थियो। जब कि ओपेन एआईले सबैका लागि खुला भनेको थियो। यसकालागि पैसा तिर्नु पर्दथ्यो। त्यसलाई ब्यग्यं गर्दै एलोन मस्कले ६ मार्च २०२४ का दिन एक्समा 'टु क्लोज एआई, एण्ड आई विल ड्रूप द लसुट ' लेखेका थिए।

यसको अर्को पक्ष हो कृतिम विश्लेषण हो। मानव मूल्यांकनको आधारमा कोडिङमा डीपसीक सबैभन्दा माथि ९८ प्रतिशतमा रहेको छ। क्वान्टिट्याटिभ रिजनिङमा पनि डीपसीक सबैभन्दा माथि ९७ प्रतिशत रहेको छ। पीसी म्यागजिनले गरेको अध्ययनले न्युज नलेजमा डीपसीक अगाडि छ। क्यालकुलेशनमा डीपसीक र च्याट जीपीटी बराबर रहेको छ। रिडल समाधान गर्नमा डीपसीक राम्रो छ। तर यसलाई सोधिएको प्रश्नको उत्तर दिन समय लगाउँछ। डीपसीकलाई प्रश्न सोधियो भने यसले प्रत्येक विधाकालागि फरक फरक विशेषज्ञ मोडलमा विकास गरेको छ। यी मोडेलहरूमा ईञ्जिनियर, डक्टर, वकिलको कामलाई फरक फरक तरिकाले राखिएको छ। यसले गर्दा यसमा कम प्यामिटरले पनि धेरै काम गर्न सक्ने बनाइएको छ। यसले गर्दा यसको क्षमता अधिक बढेको छ भने मूल्य असाध्यै कम। साथै डीपसीकले एनभिडिआईको पुरानो मोडेल कम्प्युर प्रयोग गर्नु परेको थियो।

***डीपसीकबाट के सिक्ने ?***

डीपसीकको लञ्च सँगै धेरै कुरा बाहिर आएका छन्। पहिलो कुरा असाध्यै सस्तोमा अत्याधुनिक एआई बनेको छ। ओपेन एआईलाई ट्रेन गर्न ३०० बिलियन अमेरिकी डलर खर्च भएको थियो। जब कि डीपसीकलाई ट्रेन गर्न केवल ५.५८ मिलियन डलर मात्र खर्च भएको थियो। यो तथ्यले गरिब राष्ट्रले पनि कम मूल्य लगाएर एआई ट्रेन गर्न सक्दछन् भन्ने पुष्टि गरेको छ। स्यामुअल अल्टम्यानले भनेको जस्तो होपलेस अवस्था अब रहेन।

यसको निर्माणमा विश्वका अतिदक्ष प्राविधिक, इञ्जिनियरको आवश्यकता पर्ने भाष्यलाई पनि बदलिदिएको छ। देश भित्रकै विद्यार्थीको क्षमतालाई प्रयोग गर्न सकिदो रहेछ।

यसको निर्माणमा उच्च क्षमताका सेमिकन्डक्टर, अत्याधुनिक कम्प्युटरको आवश्यकता पर्दछ भनी देखाइएको हाउलाई निस्तेज गरिदिएको छ।

डीपसीकको आगमनले विश्व प्रविधि क्षेत्रमा नयाँ सम्भावना र नवप्रबद्धनको ढोका खोलिदिएको छ। साथै पश्चिमा देशमा सीमित भएको प्रविधि विकास, नवप्रबद्धनको क्षेत्र बदलिदिएको छ। र, अब उच्च प्रविधि सस्तिन बाध्य भएको छ।

**❑ यो साता कविता**

## जल्यो

**❑ चिरन**



*बचाउन सकेनौं जेन जी पुस्ताको सपना,*
*कस्तो बन्दुक किनेका रहेछौं हामिले ?*
*ढल्यो !,*
*तातो सडकमा सपनासङ्गै रक्तमुछेल शरीर ।*
*जल्यो !,*
*जोगाउन सकेनौं सितल निवास,*
*कस्तो राष्ट्रपति चुनेका रहेछौं हामिले ?,*
*चुनौं !,*
*सितल निवास जोगाउन सक्ने राष्ट्रपति ।*
*जल्यो !,*
*बचाउन सकेनौं बालुवाटार,*
*कस्तो प्रधानमन्त्री बनाएका रहेछौं हामिले ?*
*छानौं !,*
*बालुवाटार बचाउन सक्ने प्रधानमन्त्री ।*
*जल्यो !,*
*बचाउन सकेनौं सिंहदरबार,*
*कस्तो सरकार बनाएका रहेछौं हामिले ?*
*चुनौं !,*
*सिंहदरबार जोगाउन सक्ने सरकार ।*
*जल्यो !,*
*जोगाउन सकेनौं ससद भवन,*
*कस्तो ससद छानेका रहेछौं हामीले ?*
*चुनौं !,*
*ससदभवन जोगाउन सक्ने सासद ।*
*जल्यो !,*
*जोगाउन सकेनौं न्यायलय,*
*कस्तो न्यायाधीश छानेका रहेछौं हामिले ?*
*छानौं !,*
*न्यालय जोगाउन सक्ने न्यायाधीश ।*
*जल्यो !,*
*बचाउन सकेनौं मन्त्री क्वाटर,*
*कस्तो मन्त्रीमण्डल बनाएका रहेछौं हामिले ?,*
*चुनौं !,*
*मन्त्री क्वाटर बचाउन सक्ने मन्त्रीमण्डल ।*
*जल्यो !,*
*जोगाउन सकेनौं पार्टी कार्यालय,*
*कस्तो पार्टी बनाएका रहेछौं हामिले ?*
*बनाऔं !,*
*पार्टी कार्यालय जोगाउन सक्ने पार्टी ।*
*जल्यो !,*
*जोगाउन सकेनौं सरकारी कार्यालय,*
*कस्तो सरकार बनाएका रहेछौं हामिले ?,*
*चुनौं !,*
*सरकारी कार्यालय जोगाउन सक्ने सरकार ।*
*जल्यो !,*
*दिन सकेनौं सुरक्षा,*
*कस्तो सुरक्षाकर्मी पालेका रहेछौं हामिले ?,*
*छानौं !,*
*सुरक्षाको प्रत्याभूत दिन सक्ने सुरक्षाकर्मी ।*
*जल्यो !,*
*बचाउन सकेनौं जेन जी को मन,*
*कस्तो कार्य गरेका रहेछौं हामिले ?,*
*गरौं !,*
*जेन जी पुस्ताको मन पगाल्न सक्ने ब्यवहार ।*
*जल्यो !,*
*जोगाउन सकेनौं गैर सरकारी सस्था,*
*कस्तो ल्न्इ/ क्ष्ल्न्इ पालेका रहेछौं हामिले ?*
*बुझौं !,*
*ल्न्इ / क्ष्ल्न्इ पालेर राख्नेहरुको अवस्था ।*
*जल्यो !,*
*जोगाउन सकेनौं शिक्षालय,*
*कस्तो शिक्षा पढाएका रहेछौं हामिले ?,*
*बुझौं !,*
*बिद्यार्थी र शिक्षालयको सम्बन्ध ।*
*जल्यो !,*
*जोगाउन सकेनौं अस्तित्व,*
*कस्तो व्यवहार गरेका रहेछौं हामिले ?,*
*चिनौं !,*
*अस्तित्व सकाउन गरिएका ब्यवहारहरु ।*
*जल्यो !,*
*जोगाउन सकेनौं कानुनी राज्य,*
*कस्तो कानुन बनाएका रहेछौं हामिले ?,*
*बुझौं !,*
*जता ब्याख्या गर्यो मिल्ने कानुनको हैसियत ।*
*जल्यो !,*
*जोगाउन सकेनौं राष्ट्रियता,*
*कस्तो देशप्रेम सिकाएका रहेछौं हामिले ?,*
*जानौं !,*
*राष्ट्रियताको दुवाई दिएर राष्ट्रघातीको चर्तीकला ।*
*जल्यो !,*
*जोगाउन सकेनौं आशाहरु,*
*कस्तो बिस्वास जगाएका रहेछौं हामीले ?*
*जानौं !,*
*आशा हराएको बिस्वासहरुको कथा ।*
*जल्यो !,*
*जोगाउन सकेनौं कुर्सीको कथा,*
*कस्तो शासक छानेछौं हामिले ?*
*ढल्यो !,*
*जेन जीको ताकत खरानी सङ्गै सत्ताको ब्याथा ।*
*जल्यो !,*
*जोगाउन सकेनौं सबिधानको धारा,*
*कस्तो संविधान बनाएका रहेछौं हामिले ?,*
*जानौं !,*
*जलिरहेको खरानी जस्तै अनिश्चिय संविधान ।*
*जल्यो !,*
*बचाउन सकेनौं ब्यवस्था,*
*कस्तो ब्यवस्था रोजेका रहेछौं हामिले ?*
*जानौं !,*
*ब्यवस्था होइन अवस्था बदलौं भन्नेको अवस्था ।*
*जल्यो !,*
*जोगाउन सकेनौं नागरिकको मन,*
*कस्तो नागरिक बनेका रहेछौं हामी ?,*
*बुझौं !,*
*सङ्कटहरुले उज्यालो भविस्य ल्याउछ भनेर ।*

## जेनजी...

छन् । यसरी हेर्दा उनीहरू पहिलो धारको जनवादी गणतन्त्र तर्फ नजिक देखिन्छन्। उनीहरूको आन्दोलनले अहिलेको व्यवस्था विरुद्ध विद्रोहको संकेत दिएको छ। यद्यपि उनीहरूको आन्दोलन अझै संगठित रूपले स्पष्ट वैचारिक कार्यदिशाको मार्गमा उभिएको देखिंदैन ।

*अब प्रश्न उठ्छ- नेपालको भविष्य कुन दिशातर्फ मोडिन्छ ?*

यदि जेनजी- आन्दोलनले आफ्नो विद्रोही भावनालाई दीर्घकालीन राजनीतिक मार्गचित्र तथा स्पष्ट कार्यदिशा र संगठनात्मक संरचनामा परिणत गर्न सक्यो भने , नेपाल नयाँ जनवादी गणतन्त्रतर्फ अघि बढ्न सक्छ र बढ्नु पर्छ । यसले जनताको जीवनमा समानता , सुशासन र स्वतन्त्रताको नयाँ क्षितिज खोल्नेछ । तर यदि आन्दोलन अस्पष्ट नै रह्यो र स्पष्ट कार्यदिशा पक्रन सकेन भने पुनःपुरानो दलहरूको स्वार्थी राजनीति वा राजसंस्थाको पुनरागमनले मुलुकलाई धेरै पछाडि धकेल्ने खतरा बढ्नेछ । यी जेनजी पुस्ताका विद्रोहीहरू पनि यथास्थितिवादी वा प्रतिगामी कित्तामा पुग्नेछन् ।उनीहरूले नै जेनजीको आन्दोलनको फाइदा लिने छन् भने देश प्रतिगमनतर्फ धकेलिने छ। पुनःयही वर्तमान असफल संविधानलाई सक्रिय बनाएर यसै अनुसार अगाडि बढ्ने संकेत देखिएको छ। जेन् -जी प्रतिनिधिहरू सजग हुनुपर्ने देखिएको छ ।

नेपालका लागि विकल्प स्पष्ट छ न त विगतको असफल संसदीय खेल, न त प्रतिक्रियावादी राजसंस्था । सही विकल्प नयाँ जनवादी क्रान्तिद्वारा जनवादी गणतन्त्रको मार्ग हो, जसले नयाँ पुस्ताको ऊर्जा, जनताको पीडा र भविष्यको आकांक्षालाई सम्बोधन गर्छ। आन्दोलनले यही मार्गलाई चुन्ने साहस गर्‍यो भने नेपालको भविष्य उज्यालो हुन सक्ने कुरामा कुनै शङ्का रहँदैन ।

## अग्रगामी...

छ, " आन्दोलनकारी र नेपाली सेनावीच वार्ता भइरहेको कुरा सार्वजनिक भएको छ । यो आन्दोलनले उठाएका मागहरूलाई पूरा गर्ने सन्दर्भमा कस्तो प्रकारको सम्झौता हुने हो भन्ने सर्वत्र चासो छ । वार्तामा जनताद्वारा गरिएको बलिदानले कति सफलता हासिल गर्छ भन्ने कुरा प्रमुख हुन्छ । त्यस विषयमा पनि हाम्रो पार्टीको ध्यान आकर्षित भएको छ । तीनवटा सम्भावना हाम्रो अगाडि छन् : अग्रगामी, यथास्थितिवादी र पश्चगामी । कुन बाटोमा अगाडि बढ्ने भन्ने कुरा हामी अध्ययन गरिरहेका छौँ । आन्दोलनकारीहरूलाई हामी यो वार्ताको समयमा नै अग्रगामी दिशाको पक्षमा उभिने सल्लाह दिन चाहन्छौँ ।"

***यस्तो छ वक्तव्यको पूर्णपाठ :***

**प्रेस वक्तव्य**

हिजो २०८२/५/२५ मा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको स्थायी समिति बैठक कार्यवाहक महासचिव क. गौरवको अध्यक्षता र महासचिव क. किरणको उपस्थितिमा सम्पन्न भयो । बैठकले वर्तमान राजनीतिक परिस्थितिको समीक्षा गर्‍यो र पार्टीको प्रारम्भिक धारणा सार्वजनिक गर्न यो प्रेस वक्तव्य जारी गरिएको छ ।

हाम्रो पार्टीले गत असार ५ गतेदेखि भ्रष्टाचार विरोधी कार्यक्रम संचालन गर्दै आइरहेको छ । यही अवस्थामा जेन-जीले पनि भदौ २३ गते भ्रष्टाचार र सरकारले सामाजिक संजालमाथि लगाएको प्रतिबन्धको विरोधमा विरोध प्रदर्शनको आयोजना गर्‍यो । उक्त दिन जेन-जीले आयोजना गरेको प्रदर्शनमा राज्यको तर्फबाट अनावश्यक हस्तक्षेप गरियो जसको कारण ३० जना कलिला होनहार युवाहरूको ज्यान गयो भने सयौं व्यक्ति घाइते भए । यस सम्बन्धमा २३ गते नै हाम्रो पार्टीले वक्तव्य मार्फत आफ्नो धारणा सार्वजनिक गरिसकेको छ ।

त्यसको भोलिपल्ट भदौ २४ गतेका दिन जेन-जीले नेतृत्व गरेको उक्त आन्दोलन फरक ढंगले अगाडि बढ्यो । भ्रष्टाचार, राष्ट्रिय स्वाधीनता, वाक स्वतन्त्रा तथा प्रेस स्वतन्त्रता सम्बन्धी मौलिक हकमाथि हस्तक्षेपको विरोधमा सुरु भएको आन्दोलन अर्कैतिर मोडेको देखियो । सरकारी भवनहरूलाई निशाना बनाइयो । यही कारणले गर्दा जनताको अभूतपूर्व समर्थन भएको आन्दोलनको विषयमा आशंका व्यक्त हुन थाल्यो ।

आन्दोलनकारी र नेपाली सेनावीच वार्ता भइरहेको कुरा सार्वजनिक भएको छ । यो आन्दोलनले उठाएका मागहरूलाई पूरा गर्ने सन्दर्भमा कस्तो प्रकारको सम्झौता हुने हो भन्ने सर्वत्र चासो छ । वार्तामा जनताद्वारा गरिएको बलिदानले कति सफलता हासिल गर्छ भन्ने कुरा प्रमुख हुन्छ । त्यस विषयमा पनि हाम्रो पार्टीको ध्यान आकर्षित भएको छ । तीनवटा सम्भावना हाम्रो अगाडि छन् : अग्रगामी, यथास्थितिवादी र पश्चगामी । कुन बाटोमा अगाडि बढ्ने भन्ने कुरा हामी अध्ययन गरिरहेका छौँ । आन्दोलनकारीहरूलाई हामी यो वार्ताको समयमा नै अग्रगामी दिशाको पक्षमा उभिने सल्लाह दिन चाहन्छौँ ।

मिति : २०८२/५/२६

***गौरव***

## निशानामा...

भ्रष्टाचार नियन्त्रण र नेताहरूको जीवनशैली पारदर्शी हुनुपर्ने माग गर्दै सोमबार गरेको प्रदर्शनमा प्रहरी दमनबाट काठमाडौँ र सुनसरीमा गरी १९ जनाको मृत्यु, ४२६ जना घाइते भएपछि प्रदर्शनकारीहरू थप आक्रोशित बनेका छन् ।

## विदेशीको...

रक्षा गरौं, सचेत युवा आन्दोलनको कदर गरौ, संघीय जनगणतन्त्र नेपाल निर्माणमा अघि बढौं, समृद्ध नेपाल निर्माण्मा अघि बढौं, भ्रष्ट विदेशी दलालहरूलाई कारबाही गर, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल-जिन्दावाद' लगायतका नारा लेखिएका प्ले कार्डसहित प्रदर्शनमा उत्रिएको हो ।

विरोध प्रदर्शनलाई सम्बोधन गर्दै क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका पोलिटब्यूरो सदस्य तथा ९ नं ब्यूरोका इन्चार्ज दिनेश शर्मा सागरले सचेत युवा आन्दोलनलाई विदेशी डिजाइनमा ध्वस्त पार्न खोजिएको र प्रतिगामी तथा यथास्थितिवादी षड्यन्त्र पनि जारी रहेकोले देशको स्वाधीनता, जनगणतन्त्रको स्थापना र मुलुकको समृद्धिको लागि युवा आन्दोलनलाई निरन्तर जारी राख्नुपर्ने बताउनु भयो ।

## नेपालको...

आफ्नै शब्दमा, आन्दोलन अपहरण गरिएको छ। यस "अपहरण" को सबैभन्दा ज्वलन्त उदाहरण राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष श्री रवि लामिछानेलाई उनका समर्थकहरूले जेल तोडेर "रिहाई"गर्नु हो। उनी सहकारी घोटाला मुद्दामा जेल परेका थिए ।

यसरी, ३० जना प्रदर्शनकारी मारिएका र १००० भन्दा बढी घाइते भएका निर्मम राज्य दमन सहन बाध्य युवाहरूको वास्तविक विद्रोहले अब राजतन्त्र पुनर्स्थापित गरेर वा नेपाली सेनाको सहयोगमा राजतन्त्रवादी र अति दक्षिणपन्थी शक्तिहरूलाई सत्तामा राखेर पछाडि हट्ने खतराको सामना गरिरहेको छ ।

भाकपा(एमएल) मास लाइन दृढ विश्वास गर्दछ कि नेपालका लोकतन्त्रप्रेमी र धर्मनिरपेक्ष जनताले नेपालको वर्तमान समाजलाई पछाडि धकेल्ने स्वदेशी र विदेशी प्रतिक्रियावादी शक्तिहरूको हरेक प्रयासको प्रतिरोध गर्नेछन् र दशकौंको लडाकू राष्ट्रव्यापी संघर्षबाट उनीहरूले हासिल गरेका कठिनाइपूर्वक प्राप्त लोकतान्त्रिक उपलब्धिहरूको रक्षा र विस्तार गर्नेछन् ।

भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी लेनिनवादी) मास लाइनले आशा गर्दछ कि नेपालका वामपन्थी र लोकतान्त्रिक शक्तिहरूले जनतासँगको सम्बन्धलाई पुनः सुदृढ गर्नेछन्, विशेष गरी आजका युवा र विद्यार्थीहरूसँगको सम्बन्धलाई वलियो बनाउनेछन् । र नेपालका जनताको सकारात्मक आकांक्षाहरू पूरा गर्नेछन्। उनीहरूको विकासले हामीलाई भारतमा राजा समर्थक आरएसएस-बीजेपीको सामना गर्न पनि मद्दत गर्नेछ ।

## कास्कीमा...

पौडेल, नेकपा माकेका कास्की जिल्ला सम्योजक बिश्व प्रकाश लामिछाने , राजमोका जिल्ला सदस्य सन्तोष पौडेल र नेकपा एकीकृत समाजवादीका केस तथा गण्डकी प्रदेश अध्यक्ष कृष्ण नेपाली र जिल्ला अध्यक्ष खड्क बहादुर हमाल सहितको प्रतिनिधि मण्डलले भेट गरेको हो ।

जानकारी अनुसार मादी ४ मिजुरे कास्कीका बर्ष १८ का लक्ष्मण नेपाली रहेका छन । उनको घाटिमा गोलि लागेको र बोल्न सक्ने अबस्थामा रहे पनि उनको शरीर नचल्ने अवस्थामा छ । उनी पोखरा युनाइटेड स्कुलमा कक्षा ११ मा अध्ययनरत बिध्यार्थी हुन् । उनको भदौ २३ गते पहिलो दिनमै कास्की जिल्ला प्रशासन अगाडि गोलि लागि घाइते भएका थिए । अर्का घाइते चितवन घर भएका ४४ बर्शीय बिजय लामा पनि जिल्ला प्रहरी कार्यालय कास्किमा भएको आगजनिमा परेर घाइते भएका थिए । उनी मजदुरी गरेर जिबिका चलाएका एक मजदुर हुन् ।उनको आजै निधन भएको छ ।

रोल्पा घर भै गण्डकी बोडिङ स्कुलमा आइटी इन्जिनियर अध्ययन गर्दैरहेका अर्का २० बर्से बिध्यार्थी बिबस घर्ती मगरको पनि कम्मरमा गोलि लागेर अस्पतालको आइसियुमा उपचाररत छन् । उनको कलेजो छेदबिछेद अबस्थामा रहेको छ । उनी पनि पहिलो दिन कास्की जिल्ला प्रशासन अगाडि सुरक्षा कर्मीको गोलि प्रहारबाट घाइते भएका थिए ।त्यस्तै स्याङ्जा बाडखोला निवासी बर्ष १९ का कृष्ण बिक पनि तनहुँमा भएको मुडभेडमा घाइते हुदा देब्रे खुट्टा भाच्चिन गइ तनहुँ अस्पतालको सिफारिसमा गण्डकी अस्पतालको अर्थो वाडमा उपचाररत छन् ।

अर्का घाइते पोखरा हेम्जाका बर्ष ३२ का रमेश शर्मा पौडेल पनि पोखराको सहिद चोकबाट सुरक्षाकर्मीको गोलि लागि घाइते भै गण्डकी अस्पतालमै उपचाररत छन । उनको मुत्र प्रणालिमा गोलि लागेको छ ।

अर्का एक जना १४ बर्सीय नेपाल भारत मैत्री बिध्यालयमा कक्षा ९ मा अध्ययनरत छात्र सौरभ जैसवाल पनि भदौ २५ गते अप्रत्याशित रूपमा पोखराको गैहापाटनमा प्रहरीको गोलि लागि घाइते भै गण्डकी अस्पतालमै उपचाररत छन । उनलाइ कर्फ्यु आदेस नमानेको आरोपमा गोलि प्रहार भएको अनुमान गर्न सकिन्छ । उनको दुबै खुट्टामा गोलि लागेको छ । अहिले उनको अवस्था सामान्य रहेको छ ।

दलका प्रतिनिधिहरूले घाइतेको उपचारमा कुनै कमि नहोस भनी सजग हुन सरोकारवाला सबैमा अपिल गर्दै निस्पक्ष छानबिन आयोग गठन गरि दोशी उपर आबस्यक कार्वाहीको माग समेत रहेको प्रतिनिधिहरूले बताएका छन् ।

## अबको...

ओली सरकारको दमनकारी, क्रुर तथा निरंकुश नीतिका कारण आम जनतालाई रुष्ट बनायो । मन्त्रीहरू, सांसदहरूले भटाभट राजीनामा दिए । ओलीले स्थितिलाई नियन्त्रण गर्नुको साटो उनी आत्मरक्षाको बाटो खोज्न थाले । जसको परिणाम दोस्रो दिनको गोली प्रहार, आन्दोलनकारीहरूबाट सिंहदरबार, सर्वोच्च अदालत, संसद भवन, अख्तियार आदि भवनहरू जलाइयो । शेरबहादुर, केपी ओली, प्रचण्ड, झलनाथ खनाल, रमेश लेखक आदि कैयौं नेताहरूको घरमा आगो लगाइयो र झलनाथ खनालको पत्नीलाई आगोमा पोलियो । दिनभरीको लुटपाट, आगजनी, तोडफोडको सिलसिला अगाडि बढ्यो । अरबौं खर्च गरेर निर्माण गरिएका भवनहरू, कागजातहरू, पुराना रेकर्डहरू सबै नष्ट गरिए । नागरिकका पसल, कार्यालय, मलहरू सबै लुटियो । देशभरी काठमाडौं लगायत कैयौं शहरहरूका जेलबाट बन्दीहरूलाई छोडियो । दुई दिनमा नै यति ठूलो विद्रोह र त्यो विद्रोहबाट भएको अपार क्षति तथा दुई दर्जन भन्दा बढी युवा विद्यार्थीहरूको मृत्युले सबैलाई आश्चर्यचकित तुल्याएको छ । यसको योजना, संचालन र नेतृत्व कहाँबाट र कसरी भएको छ भन्ने कुरा अझै स्पष्ट आएको छैन । जेनजीको नेता भनेर कैयौंले आफूलाई प्रस्तुत गरेका छन् ।

०६२/६३ को जनआन्दोलनले दलाल पुँजीवादी व्यवस्था स्थापना गर्‍यो । दलाल पुँजीवादी संसदीय व्यवस्था भनेको जनविरोधी र प्रतिक्रियावादी व्यवस्था थियो । त्यसले देशको राष्ट्रियता, जनतन्त्र र जनजीविकाको समस्याको समाधान गर्ने क्षमता राख्दैनथ्यो । त्यसैले गर्दा देशका प्रमुख दलहरू कांग्रेस, एमाले र जनयुद्धको अन्तपछि माओवादी केन्द्र समेत सत्तामा पुगेर पनि केही गर्न सकेनन् । उनीहरू राष्ट्रघात, भ्रष्टाचार, कमिशनखोरी, लुट, ठगी, हत्या, महंगी, बेरोजगारी सिवाय केही दिन सकेनन् । सरकारमा पालैपालो संसदवादी दलहरू पुगे पनि सुशासन दिन सकेनन् । देश खर्बौं ऋणमा डुब्यो । देश असफल राष्ट्र बन्ने स्थितिमा पुग्यो । यो व्यवस्था र सत्ताबाट असन्तुष्ट जनताले रवि लामिछाने जस्ता भ्रष्ट व्यक्तिलाई दुई दुई पटक संसदमा पुर्‍यायो र उनको पार्टीलाई संसदको चौथो पार्टी बनायो । तर कांग्रेज, एमाले र माओवादी केन्द्रले आफ्ना कमजोरी सुधार गर्नुको साटो मिशन ०८४ भन्दै बेबकुफ बनाउँदै गए । अहिले आएर अभिव्यक्तिको स्वतन्त्रताको पनि ख्याल नगरी सामाजिक संजालमाथि सरकारले प्रतिबन्ध लगायो ।

देशमा दलाल संसदीय व्यवस्थाले जनताको समस्या समाधान गर्न असफल भए पछि त्यसको विकल्पमा त्यो भन्दा माथिल्लो स्तरको नयाँ जनवादी व्यवस्थामा जानुपर्ने आवश्यकता थियो । तर यो व्यवस्थाको विकल्पमा राजावादीहरू हिन्दु राज्य, संवैधानिक राजतन्त्र अगाडि सारे । अर्कोतिर यही व्यवस्थाभित्र निर्वाचन प्रणालीमा सुधार गरेर जाने कुरा पनि विकल्पको रूपमा राजनीतिक दलहरूले ल्याएका थिए । जनताको असन्तुष्टिलाई हेरेर विदेशी शक्ति तथा राजावादीहरू लामो समयदेखि चलखेल गरिरहेका छन् । यहाँका दलालहरू उनीहरूको इशारामा काम गरिरहेका छन् । आवश्यकता यो थियो कि अहिलेको दलाल भ्रष्ट संसदीय व्यवस्थाको विकल्पमा देशभक्त, जनतान्त्रिक तथा वामपन्थीहरूद्वारा तत्कालका लागि राष्ट्रिय पुँजीवादका लागि संघर्ष गरिनु पर्थ्यो र यो भन्दा उन्नत व्यवस्था आउन सक्थ्यो । तर त्यसप्रकारको अग्रगामी व्यवस्थाका लागि संघर्ष उठाउन सकिएन । देशमा यति ठूलो आन्दोलनका कारण अहिले सरकार, संसद सबै विघटन भएको छ । यो विघटन भए पनि वा ओली सरकार सत्ताच्यूत भए पनि त्यो भन्दा राम्रो व्यवस्थाको विकल्प आउने स्थिति देखिएको छैन । किनकि आन्दोलनको नेतृत्व रास्वपा र राप्रपालगायतका साम्राज्यवाद तथा सामन्तवादपरस्तहरूको हातमा पुग्न गयो । जेनजी पछाडि धकेलिए ।

जेन-जी का संयोजक अमित खनालले नै स्पष्ट भनिरहेका छन्, कुनै पार्टीको स्वार्थ पूरा गर्नका लागि संघर्ष गरिएको होइन । उनीहरूकै सहयात्रीहरू भनिरहेका छन्, हामी रवि लामिछानेलाई जेलमुक्त गर्नका लागि संघर्ष गरेका होइनौं । युवाहरूले सामाजिक संजाल माथिको प्रतिबन्ध हटाउन गरिएको संघर्षमा बाह्य घुसपैठ भएको छ भनेर उनीहरू स्वीकार गरेका छन् । संघर्षमा मार्नु र मर्नु सामान्य कुरा हो । तर जुनप्रकारले ऐतिहासिक संरचनाहरू जलाउने काम भयो, त्यो गम्भीर अराजकता हो । इतिहासमा यो माफी दिने लायकको अपराध होइन । यसको क्षतिपूर्ति देशले २० वर्षसम्म पनि गर्न सक्दैन । जुनप्रकारले आगजनी गरियो, त्यसबाट देशलाई कुनै उपलब्धि हुन सक्दैन । संघर्ष व्यवस्थासित हुन सक्छ, व्यक्तिसित हुन सक्छ । तर ऐतिहासिक पुरातात्विक चीज नागरिकका साझा सम्पत्ति हुन् । जुनसुकै सरकार आए पनि त्यसको संरक्षण गर्नुपर्छ ।

यसप्रकारको निर्मम तोडफोड गर्ने कार्य केही घुसपैठी तालिम प्राप्त व्यक्तिबाट मात्र हुन सक्छ । त्यो कुनै न कुनै उद्देश्य राखेर गरिएको छ । अन्जान व्यक्ति वा जेनजी युवा विद्यार्थीबाट हुन सक्दैन । २४ गतेको घटनामा जेनजीको संलग्नता नभएको देखिन्छ । उनीहरू प्रदर्शनकारीलाई अगाडि नबढ्न अपिल गरेका छन् । तर जति पनि आगजनी भएको छ, त्यो जेनजीको नाममा भएको छ । तर पनि नैतिक रूपले यो आन्दोलनको आयोजनाकर्ताको हिसावले जेनजीले जिम्मेवारी लिनुपर्छ । हामीले सोंचेका थियौं, जेनजी भनेको १६ वर्ष भन्दा माथि र २८ वर्ष मुनिका युवा विद्यार्थीहरूको यो एउटा खुकुलो संगठन हो । तर संचारमाध्यममा आए अनुसार नेपाली सेनासँगको वार्तामा जेनजीको प्रतिनिधि बनेर बालेन्द्र शाह उपस्थित भएका छन् । के जेनजी राजनीतिक दल हो ? उनीहरू होइन भनेका छन् । यदि त्यो होइन भने किन सेनासँग बाहिरको व्यक्ति वार्तामा बसेको छ ? के बालेन्द्र शाह २८ वर्ष भन्दा मुनिका हुन् ? के जेनजीका प्रतिनिधि बालेन्द्र साह अन्तरिम सरकारका प्रधानमन्त्री बन्ने पक्का हो ? यो विषयहरूको उत्तर खुल्दै जानेछ ।

यो सबै स्थितिको अध्ययन गरेपछि हामी के बुझ्न सक्छौं भने यद्यपि दलाल सत्ता पराजित भएको छ । तर पनि स्वतन्त्र वा बालेनको नेतृत्वमा देश अग्रगामी दिशामा जाने अवस्था देखिंदैन । जनताले महान संघर्षबाट प्राप्त गरेको उपलब्धि पनि गुम्ने खतरा उत्पन्न भएको छ । यो आन्दोलनमा भ्रष्टचारी विरुद्धको नाममा निर्दोष राजनीतिक दलहरूमाथि पनि आक्रमण भएको छ । राजनीतिक दलहरू खुलेर बोल्न सकेका छैनन् । अहिले संयुक्त राष्ट्रसंघ नेपालमा सहयोग गर्न तत्परता देखाएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पनि यो आन्दोलन प्रति चासो देखाएका छन् । कतै पानी घमिलिएको बेला साम्राज्यवादी तथा विस्तारवादी शक्तिहरूले नेपालको राजनीतिमा छिर्ने मौका खोजिरहेका छन कि ? यसबारे जेन जी सचेत छ कि छैन ? यदि ६३ सालमा जस्तै अनमिन आयो भने फेरि फर्केर जाने छैन । यदि स्थिति नियन्त्रणका नाममा भारतीयहरू सेना प्रवेश गरे भने उनीहरू हाम्रो देशको सार्वभौमिकता माथि दखल गर्ने छन् । आन्दोलनले देशलाई अग्रगमनको साटो पश्चगमन तर्फ लैजाने छ ।

यति बेला नेपालका देशभक्त, जनवादी, वामपन्थी तथा कम्युनिस्ट शक्तिहरू सचेत र सतर्क हुने बेला आएको छ । जेनजी पुस्ताको सामान्य मागलाई लिएर गरेको संघर्षलाई विभिन्न स्वार्थ समूहहरूले नेतृत्व आफ्नो हातमा लिएर देशलाई प्रतिगमनतर्फ जाने अवस्था सिर्जना गरेका छन् । जनताको यो माग होइन, जनताको माग अग्रगमन तर्फ जाने हो । हाम्रो समस्या समाधान गर्न कुनै विदेशी शक्तिको आवश्यकता छैन । देशका दलाल राजनीतिक शक्तिहरू जनताबाट नांगिएका छन् । यतिबेला हामी देशका जिम्मेवार क्रान्तिकारी शक्तिहरू देशलाई पश्चगमन तर्फ जानबाट रोक्न अब उठ्नुपर्ने आवश्यकता छ ।

## रअ...

भारतकै मध्यस्थतामा राजा, राणा र कांग्रेसबिच सम्झौता गराए र राणा प्रधानमन्त्रीलाई नै क्रान्तिपछि पनि प्रधानमन्त्री बनाएर तत्कालीन क्रान्तिकारीहरूलाई गम्भीर धोका, गद्दारी र अपमान गर्ने काम भयो । धोका र सम्झौताका विरुद्ध भएको के आइसिंहको विद्रोह र भिमदत्त पन्तको विद्रोह दबाउन भारतीय सेना ल्याइयो । जुन सेना नेपालको उत्तरतर्फ चीनसँगको सिमा क्षेत्रमा १८ वटा चेकपोस्ट कायम गरी २८ वर्षसम्म बस्यो । २००७ सालको क्रान्तिले पूर्णता पाउन नसक्दा २०१७ सालमै महेन्द्रले कू गरेर सत्ता हत्याउने स्थिति बन्यो ।

२०४६ सालमा बहुदलीय व्यवस्था स्थापना भयो । तर यहाँ पनि राजा, कांग्रेस र एमालेबिचमा त्रिपक्षीय सम्झौता भयो । गणतन्त्रको आवाज (माग)लाई दबाइयो । संवैधानिक राजतन्त्र र बहुलीय प्रजातन्त्रको सहमतिमा आन्दोलन अन्त्यको घोषणा गरियो । असन्तुष्ट पक्ष खासगरी कम्युनिस्टहरूले ०४७ सालको संविधान, संसदीय व्यवस्था र राजतन्त्रको समूल अन्त्यको मागसहित सशस्त्र जनयुद्धको सुरुवात गर्‍यो । दशवर्षको अवधिमा जनयुद्धले ८० प्रतिशत भूभागमाथि आफ्नो नियन्त्रण कायम गरेको थियो । आधारइलाका, जनसरकार, जनसत्ताको अभ्यास गरेको थियो । सात डिभिजनसम्मको जनमुक्ति सेनाको निर्माण गरेको थियो । तर नेतृत्वको धोका र गद्दारीले गर्दा संघीय जनगणतन्त्रका लागि भनेर लडेको जनयुद्धलाई लोकतान्त्रिक गणतन्त्रको सम्झौतामा सीमित गरियो र जनयुद्ध अन्त्यको घोषणा गरियो । त्यो सम्झौताका विरुद्ध जनयुद्ध लडेको विशाल पंक्तिले क्रान्तिको झण्डा उठायो तर टुट, फुट र विभाजनका कारण क्रान्तिकारी पंक्ति रक्षात्मक अवस्थामा धकेलियो । यो पंक्ति खासगरी जनयुद्धका सूत्रधार मोहन वैद्य किरण नेतृत्वको पार्टीपंक्तिले आफ्नो सापेक्षतामा निरन्तर क्रान्तिको आवाज उठाइरह्यो । वर्तमान सत्ता, व्यवस्था र संविधानको समूल अन्त्य गरेर संघीय जनगणतन्त्र स्थापनाको लागि निरन्तर सडकबाट संघर्ष गरिरह्यो ।

जेन-जी विद्रोहको 'होम ग्राउण्ड'

विगत १२ वर्षदेखि जनयुद्ध लडेको क्रान्तिकारी पंक्तिले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दालाई लिएर निरन्तर संघर्ष गरिरहेको छ र यसले जनसंघर्ष, वर्गसंघर्ष र जनप्रतिरोध संघर्षको फौजी कार्यदिशाको श्रृङ्खला तयार पार्दै नेपाली विशिष्टतामा आधारित सशस्त्र विद्रोहको कार्यदिशाका साथ अगाडि बढिरहेको छ । यसै पृष्ठभूमिमा भएको यो जेन-जी विद्रोहको निम्ति कतै न कतै क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले तयार पारेको यो 'ग्राउण्डेड नेरेटिभ'ले पनि सत्ता र व्यवस्थाका विरुद्ध विद्रोहका लागि प्रेरित र अपिल गरेको थियो । पछिल्लो पटक यो पार्टीले निरन्तर रूपमा देशव्यापी भ्रष्टाचार विरोधी अभियान पनि सञ्चालन गरिरहेको थियो । यो पार्टीले मात्र होइन सडकमा रहेका सबै पार्टीहरूले र संसदमा भएका पार्टीहरूले पनि भ्रष्टाचारविरोधी अभियानलाई प्रमुख मुद्दा बनाएर आन्दोलित हुँदै आएका थिए । यी सबै प्रयासहरूले आम जनतामा कांग्रेस-एमाले गठबन्धन सरकारप्रतिको घृणाको ग्राफ निकै बढाएको थियो । ती सबै राजनीतिक पार्टीहरू, प्राज्ञिक, नागरिक समाज, लेखक, बुद्धिजीवी, पत्रकार सबैको विश्लेषण नेपाल 'अराजकताको डिलमा उभिएको', 'विद्रोहको आँधीहुरी आउने स्थिति रहेको', 'जनविद्रोह सन्निकट बन्दै गएको', 'क्रान्तिका लागि वस्तुगत स्थिति पूरै अनुकूल बनेको' लगायतका विश्लेषणहरू भइरहेका थिए । असंगठित रूपमा भ्रष्टाचारविरोधी कार्यक्रमहरूले सडक तताइनै रहेका थिए ।

यही परिस्थितिको सूक्ष्म विश्लेषण गर्दै वैदेशिक प्रतिक्रियावादी शक्तिहरू (साम्राज्यवादी र विस्तारवादी)ले पनि आ-आफ्नो तयारी गरिरहेका थिए । अमेरिकी दूताबासले युथ काउन्सील, पिस कर्पस, पब्लिक डिप्लोमेसी, कल्चरल डिप्लोमेसी, मानव अधिकारसँग सम्बन्धित सामाजिक कार्यहरू, सूचना प्रविधिसँग सम्बन्धित विभिन्न तालिमहरू, शैक्षिक तथा आर्थिक कुटनीति लगायत विभिन्न आवरणमा अमेरिकनहरूले नेपालका युवाहरूलाई परिवर्तन, नेवर्किङ, मोविलाइजेसन र मेनेजमेन्टका विषयमा निरन्तर सातवटै प्रदेशमा तालिम दिंदै आएका थिए । बालेन्द्र साहमार्फत् यस्ता युवाहरूलाई परिचालन गर्ने गर्दै आएको थियो । बालेन्द्र साहले भने प्रम केपी ओली र अहिलेको सरकारका विरुद्ध तुच्छ घृणा फैलाउँदै आएका थिए । उनले सिंहदरबार जलाइदिन्छुदेखि नेताहरूलाई टुकुचामा लगेर गाड्छुसम्मका अभिव्यक्ति दिएका थिए ।

भारतीय दुताबासले पनि भित्र भित्रै नेपालमा रहेका आफ्ना ६ लाख नागरिक, दूताबासले एकतर्फी रूपमा सञ्चालन गर्ने २० करोडका परियोजना, उसकै पाठ्यक्रममा आधारित १६ वटा विद्यालयमा पढ्ने युवा विद्यार्थीहरूको पनि ब्रेन वास गरेकै *बाँकी ८ पेजमा*

**यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !**

www.moolbato.com
www.hanktoday.com
www.daunnenews.com
www.isthaniyapatra.com
www.navadristi.com
www.hamrokalapani.com
www.hamroonline.com
www.newsabhiyan.com
वर्गदृष्टि साप्ताहिक
हाँक साप्ताहिक

# आलोपालो

## जेनजी आन्दोलनपछि नेपालको भविष्य

**नेपालमा युवाहरूको जनसंख्या २०७८ को राष्ट्रिय जनगणना अनुसार १ करोड २४ लाख १२ हजार १ सय ७३ (४२.५६ प्रतिशत छ) सरकारले १९.८ प्रतिशत पूर्ण बेरोजगार ३६ प्रतिशत युवा अर्ध बेरोजगार छ भनेको छ ।**



● नरेन्द्रबहादुर थापा ●

नेपालको भ्रष्ट दलाल सरकारको नेतृत्व र संरक्षणमा भइरहेको अन्याय, अत्याचार, भ्रष्टाचार, तस्करीले नेपाली जनताको अवस्था आक्रान्त बनेको र त्यसको चौतर्फी बिरोध भइरहेको अवस्थामा सरकारले सामाजिक संजालमाथि प्रतिबन्ध लगायो । सरकारको नेतृत्वमा भएको त्यही भ्रष्टाचार लगायत सामाजिक संजालमाथि लगाएको प्रतिवन्धको विरुद्धमा भदौ २३ गते जेनजी पुस्ताको नेतृत्वमा भएको शान्तिपूर्ण विरोध प्रदर्शनमा राज्यको तर्फबाट अनावश्यक प्रहरी हतक्षेप गरी एकाएक नरसंहार हुने गरी गोली वर्षाइयो । यस नरसंहारको घटनामा घटना स्थल मै कम्तीमा १९ जना कलिला युवाहरूको ज्यान गयो । अहिलेसम्म ३४ युवाहरूको मृत्यु भैसकेको छ र सयौँ घाइते युवाहरू उपचारार्थ अस्पतालको बेडमा रहेका छन् । उक्त आन्दोलनमा गोलीको प्रवाह नगरी आन्दोलन झन् उत्कर्षमा निरन्तर अघि बढ्दै गयो । यही अवस्थामा सरकारका मन्त्रीहरू राजिनामा दिए ।

अहिले नेपाल फेरि एक निर्णायक मोडमा उभिएको छ। देशभित्र राजनीतिक मूल्यमान्यताको ठूलो द्वन्द सुरु भएको छ । जहाँ सरकारको संरक्षणमा अन्याय अत्याचार र भ्रष्टाचारले जरा गाडिसकेको छ। यस्तो परिस्थितिमा नेपाली जनता फरक -फरक तीन धारमा विभाजित भएका छन् ।

पहिलो धार, अग्रगामी शक्ति हो । यो गैर संसदवादी क्रान्तिकारी शक्तिको धार हो, जसले जनताको नयाँ जनवादी गणतन्त्रको आवश्यकता औल्याइरहेका छन् । उनीहरूका विचारमा विगत तीन दशकको संसदीय प्रयोग पूर्णरूपमा असफल भएको छ, जसले न त लोकतान्त्रिक सुशासन दिन सक्यो, न त जनताको जीवनस्तरमा ठोस सुधार गर्न । बरु यसले दलाल पुँजीवादी संरचना र भ्रष्ट शासकीय वर्गलाई मात्र पोस्यो।

दोस्रो धार, संसदवादी राजनीतिक दलहरूको धार हो । यसभित्र पनि दुईधार छन्। एकथरीको प्रतिगामी धार हो,जसले राजसंस्थाको पुनःस्थापना नै विकल्प हो भनी जनतालाई पुरानो संरचनातर्फ फर्काउने चाहना राख्छन् भने अर्को थरी यथास्थिति वादी शक्ति हो,जसले वर्तमान भ्रष्ट, संसदीय व्यवस्थालाई जोगाएर त्यसैमा आफ्नो अस्तित्व सुरक्षित गर्न खोजिरहेका छन् । दुवै धारको कमजोरी के छ भने तिनीहरूले विगतको असफलता र जनतामाझ हराएको विश्वास पुनः प्राप्त गर्ने कुनै व्यवहारिक आधार प्रस्तुत गर्न सकेका छैनन् ।

तेस्रो धार, जेनजी पुस्ताको आन्दोलन हो । यो नयाँ पुस्ता विगतका दलहरूको असफलता, भ्रष्टाचार र अवसरवादबाट आक्रोशित मात्र छैन, उनीहरू परिवर्तनको मार्ग खोजिरहेका छन् । खासगरी यी युवाहरू पुरानो संसदीय स्वरूपलाई अस्वीकार गर्दै सामाजिक न्याय, समानता र उत्तरदायी नेतृत्व खोजिरहेका *बाँकी ७ पेजमा*


# चराचुरुङ्गीको संरक्षण गरौं

चराचुरुङ्गीले :

- पर्यावरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ,
- चराहरूले किरा-फटचयाङ्ग्रा खाएर रोग नियन्त्रणमा सहयोग पुऱ्याउँछ,
- खेतीपातीमा विषादीको प्रयोग गर्दछ,
- फलफूल खाएर बीउहरू विभिन्न स्थानमा फाली नयाँ बोटविरुवा उम्रनमा सहयोग पुऱ्याउँछ,
- एउटा फूलबाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन बढाउँछ,
- जनावरको मासु खाई वातावरण सफा राख्न मद्दत पुऱ्याउँछ,
- चिरबिर आवाजले मन शान्त पारी तनाव कम गर्न मद्दत पुऱ्याउँछ,
- जैविक विविधता बुझ्न, मौसम परिवर्तनको संकेत थाहा पाउन र वातावरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खुल्छन्,
- प्राकृतिक सौन्दर्यमा वृद्धि भई पर्यापर्यटनमार्फत् आयस्रोतमा टेवा पुऱ्याउँछ ।

नेपाल सरकार

विज्ञापन बोर्ड


## रअ...

थियो । उनीहरूले दुर्गा प्रसाईमार्फत् त्यस्ता युवाहरूलाई परिचालन गर्दै आएको थियो । उनीहरू केपी ओली सरकारलाई ढालेर आफू अनुकूलको 'पेपेट' सरसकार बनाउन चाहन्थे । अर्कोतिर प्रतिगामी शक्तिहरूको पनि आफ्नै दाउपेच थियो । उनीहरू पनि धमिलो पानीमा माछा मार्न सकिन्छ कि भनेर भूपू सेना, प्रहरी, कर्मचारीहरूलाई समेत प्रयोग गरेर देशमा आम अराजकता मच्चाउने र राजतन्त्र पुनर्स्थापित गर्ने दाउमै थिए ।

### *अनि बन्यो विष्फोटक अवस्था*

उल्लेखित पृष्ठभूमिमा कुन मुद्दा जनविद्रोह सल्काउन उपयुक्त हुन सक्छ भनेर चौतर्फी रूपमा खोजी भइरहेको थियो । क्रान्ति वा विद्रोहका लागि युवाहरूको भूमिका नै निर्णायक हुने गर्दछ । युवाहरूलाई कसरी सडकमा उतार्ने भन्ने सबैका आ-आफ्नै दाउपेच र तयारी थिए । जब केपी ओली चीन भ्रमणमा गए र एससिओ समिटमा 'लिपुलेक' प्रकरणलाई उठाए, त्यसबाट दक्षिणको छिमेकी थप चिढियो । त्यसमा पनि जब चीनले एकतर्फी रूपमा निकालेको वक्तव्यमा ओलीले चीनको जिएसआईमा समर्थन जनाएको भन्ने वक्तव्य जारी भयो, यसबाट दक्षिण र पश्चिमका दुवैथरि शक्ति एकैपटक चिढिए । त्यसमा पनि तत्कालीन जापानी साम्राज्यवादमाथिको विजय दिवसमा भएको सैन्य परेडमा ओली सहभागी भएपछि दक्षिण र पश्चिमा शक्तिले ओली सरकारलाई तत्कालै अपदस्त गर्नुपर्ने निष्कर्ष निकाल्न थाले । एक स्रोतका अनुसार त्यही निष्कर्ष अनुसार ओलीकै सल्लाहकारले २६ वटा सामाजिक सञ्जालका सञ्चालकहरूले नेपालको कानून नमानेको, उनीहरूलाई कानूनी दायरामा ल्याउनुपर्ने र त्यसका लागि एक हप्ताको अल्टिमेटम दिने, दर्ता गर्न नआए बन्द गर्नुपर्छ भन्दै ओलीको कान फूके । ओलीले सञ्चारमन्त्रीलाई निर्देशन दिए । समाजिक सञ्जाल बन्द गरियो । यही बिचमा ट्वीटरका मालिक एलन मस्कले नेपाल भ्रष्ट मुलुक भएकोले दर्ता नहुने पत्र नै पठायो । यसबाट थप उग्र बनेका ओलीले पूर्ण रूपमा बन्द गर्न आदेश दिए । वैदेशिक प्रतिक्रियावादीहरूलाई ओलीको यो कदम 'के खोज्छस् कानो आँखा' भनेजस्तै भयो । र, तुरुन्तै टिकटकको माध्यमबाट विद्रोहका लागि आव्हान गरियो । शान्तिपूर्ण भनिएको आन्दोलनलाई कसरी हिंसात्मक बनाउने, अनियन्त्रित अवस्था सिर्जना गरेर कसरी आफ्नो मक्सद पूरा गर्ने उनीहरूको पूर्व डिजाइन थियो । एक स्रोतका अनुसार उनीहरूले स्कूले कलिला विद्यार्थीहरूलाई सबैभन्दा फ्रन्ट लाइनमा परिचालन गरे । प्रहरीले गोली चलाउने परिस्थिति सिर्जना गरिदिने र प्रहरीले फायर खोल्ने वित्तिकै स्ट्याण्डवाइ राखिएका सार्पसुटरहरूलाई फायरिङ गर्न लगाउने र ताकी ताकी कलेज ड्रेसमै रहेका विद्यार्थीहरूको टाउको र छातीमा गोली हान्ने । भयो त्यस्तै । जसबाट आम जनतामा रगत उम्लिन्छ, भोलिपल्ट आफूले चाहे अनुसारको विध्वंश मच्चाउन सकिन्छ । स्रोतका अनुसार बंगलादेशमा पनि यही रणनीति प्रयोग गरिएको थियो । त्यस्तो गोलीको खोका भेटिए शंका हुन्छ भनेर आन्दोलनकारीहरू आफैले सडक सफा गरेर फोहर आफैले व्यवस्थापन समेत गरेको स्रोतको दावी छ । तर यस विषयमा नेपालको प्रहरी प्रशासनले केही बोलेको छैन । ज्यान बचाउन प्रहरी प्रशासनमा नै भागाभाग भएकोले यस विषयमा कुनै अनुसन्धान हुन सकेको छैन ।

उनीहरूकै डिजाइन अनुसार भोलिपल्ट आन्दोलनकारी थप उत्तेजित भए । नेताहरूका घर जलाइयो, नेताहरूमाथि कुटपिट गरियो । प्रहरीहरूलाई कुटीकुटी मारियो । सबै प्रहरी पोस्टहरू जलाइयो । प्रहरीका सबै हातहतियार खोसियो । कतिपय प्रहरीहरूलाई नाङ्गै पारेर लखेटी लखेटी हत्या गरियो ।

गृहमन्त्री र प्रधानमन्त्रीले राजिनामा दिंदा समेत आन्दोलनकारीहरू रोकिएनन् । त्यसपछि नै राज्यका सार्वजनिक संरचनाहरूमा आगजनी र लुटपाट मच्चाइयो । संसद भवन, सिंहदरबार, सर्वोच्च अदालत लगायतका सरकारी प्रशासनिक भवनहरूमा आलो लगाएर सम्पूर्ण ऐतिहासिक दस्ताबेजहरू, चुच्चे नक्साका आधिकारिक प्रमाणहरू जलाएर नष्ट पारियो । यसरी सिंगो राज्यका प्रशासनिक भवनहरू जलिरहँदा र नेपालका आधिकारिक ऐतिहासिक दस्तावेजहरू आगोमा जलिरहँदा केवल २०० मिटरको दूरीमा भएको नेपाली सेनाको सैन्य हेडक्वार्टर (जंगीअड्डा) केवल मूकदर्शक भएर बस्यो । सबै संरचना र ऐतिहासिक दस्तावेजहरू नष्ट भएपछि मात्र सेनाले सुरक्षा आफ्नो हातमा लियो । र, कर्फ्यू लगाएर परिस्थिति नियन्त्रणमा लियो, जसको सर्वत्र आलोचना भइरहेको छ । सेनाकै मध्यस्थतामा दक्षिण र पश्चिमका लागि अनुकूल हुने खालेको सरकार बनाउने रस्साकस्सीबिच सुशिला कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्री बनाइएको छ । र, संसद विघटन गरिएको छ ।

### *रअ र सिआइएले जेन-जी आन्दोलन हाइज्याक गरेको पुष्टि*

जेन-जी आन्दोलन विष्फोटक बनेपछि एकाएक 'हामी नेपाल' नामको संस्थाको प्रचार हुन थाल्यो । सुरुमा अगुवाइ गर्ने, सडकमा निस्कन आव्हान गर्ने, कार्यक्रमका लागि सिडिओ कार्यालयमा अनुमतिका लागि निवेदन दिनेहरू एकाएक गायब भए । आन्दोलनको वास्तविक आयोजक आफू भएको भन्दै एकाएक हामी नेपाल, काठमाडौं मेयर बालेन्द्र साह, र हामी नेपालका अध्यक्ष सुदन गुरुङ फ्रन्टमा आए । सुदन गुरुङ कसैले दार्जिलिङको, कसैले चितवनको, कसैले गोर्खाको भनिरहेका छन् । उनको नागरिकता नागरिक एपमा भेरिफाइ गर्दा उनको स्थायी घर गोरखा, चुमनुब्री गाउँपालिका, सिर्दिबास-३ रहेको देखिन्छ र उनको जन्ममिति २०४४-०३-२५ रहेको छ । उनले सुरुमा नाइट क्लबमा डिजे काम गर्ने गरेको, र २०७२ मा भूकम्प गएपछि आवरणमा राहत र उद्दार कार्यमा संलग्न भएर सामाजिक काम गर्ने गरेको देखिन्छ । उनले २०१५ मै 'हामी नेपाल' नामक संस्था खोलेर २०२० मा दर्ता गरेको देखिन्छ । यो संस्थाको वेवसाइटका अनुसार उनी चीनविरोधी गतिविधिमा अर्थात् फ्रि तिब्बत आन्दोलनमा संलग्न रहेको देखिएको छ । अहिले पनि उनले आफ्नो वेवसाइटमा सहयोगी संस्थाको रूपमा 'स्टुडेन्ट फर फ्रि तिब्बत'को लोगो र लिंक राखेका छन् । २७ वटा सहयोगी संस्थाहरूमध्ये अर्को 'बारबरा फाउन्डेसन' पनि रहेको छ । यो फाउन्डेसनका प्रमुख डा. सन्दुक रुइत हुन् । सन्दुक रुइतलाई सिआइएले दिने 'मेगासेसे' पुरस्कार पनि दिइएको बुझिएको छ । इतिहासमै पहिलो पटक प्रम सुशिला कार्कीलाई निर्वासित नेता दलाई लामाले बधाई तथा शुभकामना सन्देश दिएका छन् । र, भारतीय प्रधानमन्त्री मोदीले पनि ट्वीटमार्फत्, विदेश मन्त्रालयमार्फत् र मणिपुरको सभालाई सम्बोधन गर्ने क्रममा समेत प्रम सुशिला कार्कीलाई बधाइ दिएका छन् । एउटा देशले अर्को देशको प्रधानमन्त्रीलाई शुभकामना दिनु स्वभाविक र सामान्य प्रक्रिया हो तर नेपालको विशिष्ट परिस्थितिमा जसरी घटनाक्रमहरू एकअर्कामा जोडिएर आएका छन् । यी तथ्यहरूले स्पष्ट पारेका छन् कि जेन-जीको आन्दोलन रअ र सिआइले हाइज्याक गरे । अब यो सरकारले त्यही काम गर्छ, जुन सिआइए र रअले जे गर्न भन्छ । यो सरकार वैदेशिक प्रतिक्रियावादको पपेट बन्ने र छिमेकी मुलुक चीनविरोध गतिविधि बढ्ने सम्भाना देखिएकोले भविष्यका दिनहरू अझ बढी युद्ध र अशान्तीको भूमरीमा फस्ने देखिएको छ ।

### *सच्चा देशभक्त र क्रान्तिकारीहरूको दायित्व*

२०८२ भाद्र २५ गते क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका कार्यवाहक महासचिव सीपी गजुरेल गौरवको अध्यक्षता र महासचिव मोहन वैद्य किरणको उपस्थितिमा स्थायी समितिको अनलाइन बैठक बस्यो । देशमा जेन-जेड आन्दोलन पछि विकसित भएको राजनीतिक परिस्थितिबारे पार्टीको प्रारम्भिक धारणा बनाउन यो बैठक आयोजना गरिएको थियो । बैठकले यो आन्दोलन अहिले आकस्मिक ढंगले जेन-जेडको युवाशुलभ नेपो बेबी तथा भ्रष्टाचार विरोधी आक्रोशको परिणामका रूपमा देखा परेपनि यो पहिल्यैदेखि वैदेशिक साम्राज्यवादी शक्ति र तिनका दलालहरूको लामो योजनाको प्रतिफल हो भन्ने निष्कर्ष निकालेको छ। ओली नेतृत्वको गठबन्धन सरकारले सामाजिक सञ्जालमाथि गरेको गलत निर्णयका कारण यो यति नै बेला विष्फोट भएको हो भन्ने निष्कर्ष पनि निकालेको छ ।

बैठकले सामाजिक सञ्जालमाथिको आक्रमण, भ्रष्टाचार र नेपो बेबीका विरुद्ध जेन-जेडका युवाहरूको आन्दोलन न्यायपूर्ण र उचित भए पनि यो कुनियत र षड्यन्त्रद्वारा घेरिन पुगेको भएपनि अन्तिम पुस्ताका युवाहरूको सफा र स्वाभाविक स्पिरिटको पार्टीले कदर गरेको छ ।

जेन-जेडको युवाशुलभ आकांक्षालाई दुरूपयोग गरेर साम्राज्यवादी शक्ति र तिनका दलालहरूले देशलाई प्रतिगमनतिर धकेल्ने र आफ्नो स्वार्थपूर्ति गर्ने कुचेष्टा गरिरहेको प्रति सतर्क रहँदै जनयुद्ध तथा जनआन्दोलनका उपलब्धिहरू खतरामा परेको र नेपाली राष्ट्रियता हडप्ने षड्यन्त्र भइरहेको वर्तमान स्थितिमा ती उपलब्धिको रक्षा गर्दै पार्टीले कार्यनीतिक श्रृखलाको विकास गरेर अगाडि बढ्नुपर्ने निष्कर्ष निकालेको छ ।

बैठकपछि कार्यवाहक महासचिव सीपी गजुरेलले जारी गरेको वक्तव्यमा उल्लेख गरिएको छ, " हिजो २०८२/५/२५ मा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको स्थायी समिति बैठक कार्यवाहक महासचिव क. गौरवको अध्यक्षता र महासचिव क. किरणको उपस्थितिमा सम्पन्न भयो । बैठकले वर्तमान राजनीतिक परिस्थितिको समीक्षा गऱ्यो र पार्टीको प्रारम्भिक धारणा सार्वजनिक गर्न यो प्रेस वक्तव्य जारी गरिएको छ ।

हाम्रो पार्टीले गत असार ५ गतेदेखि भ्रष्टाचार विरोधी कार्यक्रम संचालन गर्दै आइरहेको छ । यही अवस्थामा जेन-जीले पनि भदौ २३ गते भ्रष्टाचार र सरकारले सामाजिक संजालमाथि लगाएको प्रतिबन्धको विरोधमा विरोध प्रदर्शनको आयोजना गऱ्यो । उक्त दिन जेन-जीले आयोजना गरेको प्रदर्शनमा राज्यको तर्फबाट अनावश्यक हस्तक्षेप गरियो जसको कारण ३० जना कलिला होनहार युवाहरूको ज्यान गयो भने सयौं व्यक्ति घाइते भए । यस सम्बन्धमा २३ गते नै हाम्रो पार्टीले वक्तव्य मार्फत आफ्नो धारणा सार्वजनिक गरिसकेको छ ।

त्यसको भोलिपल्ट भदौ २४ गतेका दिन जेन-जीले नेतृत्व गरेको उक्त आन्दोलन फरक ढंगले अगाडि बढ्यो । भ्रष्टाचार, राष्ट्रिय स्वाधीनता, वाक स्वतन्त्रा तथा प्रेस स्वतन्त्रता सम्बन्धी मौलिक हकमाथि हस्तक्षेपको विरोधमा सुरु भएको आन्दोलन अर्कैतिर मोडेको देखियो । सरकारी भवनहरूलाई निशाना बनाइयो । यही कारणले गर्दा जनताको अभूतपूर्व समर्थन भएको आन्दोलनको विषयमा आशंका व्यक्त हुन थाल्यो ।

आन्दोलनकारी र नेपाली सेनावीच वार्ता भइरहेको कुरा सार्वजनिक भएको छ । यो आन्दोलनले उठाएका मागहरूलाई पूरा गर्ने सन्दर्भमा कस्तो प्रकारको सम्झौता हुने हो भन्ने सर्वत्र चासो छ । वार्तामा जनताद्वारा गरिएको बलिदानले कति सफलता हासिल गर्छ भन्ने कुरा प्रमुख हुन्छ । त्यस विषयमा पनि हाम्रो पार्टीको ध्यान आकर्षित भएको छ । तीनवटा सम्भावना हाम्रो अगाडि छन् ः अग्रगामी, यथास्थितिवादी र पश्चगामी । कुन बाटोमा अगाडि बढ्ने भन्ने कुरा हामी अध्ययन गरिरहेका छौं । आन्दोलनकारीहरूलाई हामी यो वार्ताको समयमा नै अग्रगामी दिशाको पक्षमा उभिने सल्लाह दिन चाहन्छौं ।"

जेन-जी आन्दोलनमाथि भइरहेको साम्राज्यवादी र विस्तारवादी षड्यन्त्र, प्रतिगामी र यथास्थितिवादी षड्यन्त्रलाई समेत पर्दाफास गर्दै अग्रगामी परिवर्तनको पक्षमा आन्दोलनलाई निरन्तर रूपमा अगाडि बढाउन आव्हान गर्न जरुरी छ । र, राष्ट्रियता, जनतन्त्र र जनजीविकाको आन्दोलनलाई जनसंघर्ष, वर्गसंघर्ष र जनप्रतिरोध संघर्षको मौलिक मोडेल (प्रविधिको सापेक्षतामा) विकसित गर्दै नयाँ जनवादी क्रान्तिको खुड्किलो पार गर्दै वैज्ञानिक समाजवाद स्थापना गर्ने दिशातर्फ लैजान जरुरी छ ।






**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।